जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वडा दशैं चौथो दिन
माँ कुष्माण्डाको पूजा
सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च।
दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे॥

वर्ष २६ • अंक १४० • २०८१ साल आश्विन २० गते आइतबार (6 October, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## चाडपर्व लक्षित सुरक्षा योजना सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा बडा दशैं, तिहार तथा छठ पर्वलाई मध्यनजर गर्दै प्रदेश प्रहरीले सुरक्षा योजना सार्वजनिक गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले प्रदेशलाई भयरहित चाड पर्व मनाउन प्रदेशका हरेक जिल्लामा १ हजार ४ सय ५० भन्दा बढी प्रहरी टोली खटाइएको जनाएको छ। चाडपर्वमा हुन सक्ने विभिन्न अपराधलाई वर्गीकरण गर्दै सुरक्षा योजना तयार पारिएको जनाइएको छ।

प्रहरीले मधेश प्रदेशमा हुनसक्ने सम्भावित अपराधहरूमा चोरी तस्करी, मठ मन्दिरमा पूजाआजा भिडभाड, सवारीसाधनको बढी चाप, कालो बजारी, जुवा तास, मूर्ति विसर्जनको सुरक्षा, पकेटमारी/चेन स्न्याचिङलगायत घटना, मेलाहरूमा सुरक्षा, सांस्कृतिक सुरक्षा, सरकारी कार्यालयको सुरक्षा, बैंक तथा वित्तीय संस्थाहरूमा भीडभाड, चोरी बढ्न सक्ने, पटका तथा आतीशबाजीको प्रयोग, मादक पदार्थ तथा लागूऔषधको सेवन गरी सवारी चलाउनेलाई सम्भावित अपराधको रुपमा वर्गीकरण गरेको छ।

मधेश प्रदेश प्रहरीको चाडपर्व लक्षित गर्दै तयार पारेको सुरक्षा योजना असोज १५ गतेदेखि कार्तिक २५ सम्म लागु रहने जनाइएको छ।

### जनकपुरधामबाट सुन तस्करी

# करोडौंको सुन बरामदपछि प्रहरी पनि शंकाको घेरामा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल-भारतको खुल्ला सीमा नाकाका कारण धनुषाबाट करोडौं मूल्य बराबरको सुन तस्करी हुँदै आएको रहस्य खुलेको छ।

भारतमा नेपालभन्दा १८ हजार रुपैयाँले प्रति तोला सुन सस्तो भएका कारण सुन तस्करी बढेको छ। बागमती प्रदेशको राजधानी हेटौंडाबाट ११ करोड रुपैयाँभन्दा बढीको सुन बरामद भए पछि जनकपुरधामबाटै सुन तस्करी हुने गरेको रहस्य खुलेको हो।

मकवानुपरको हेटौंडा-१५ स्थित रातोमाटे चौकीबाट ८ किलो ४३.९७ ग्राम सुन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

मकवानपुर प्रहरीका प्रहरी उपरीक्षक विश्वराज खड्काले बरामद गरिएको सुनको बजार मूल्य ११ करोड ४३ लाख ५७ हजार ८७८ रुपैयाँ ६५० पैसा रहेको जनाएको छ। सो परिमाणको सुन सहित २ जना भारतीय नागरिकलाई पक्राउ गरिएको उनले बताए।

पक्राउ पर्नेमा भारतको महाराष्ट्र प्रान्तका सांगली जिल्ला दिघंची थाना पुजारवाडीका २५ वर्षीय अभिषेक अजिनाथ कुटी र सोही स्थानका २७ वर्षीय राहुल भिट्ठिहाल बाड रहेको उनले बताए।

प्रहरी उपरीक्षक खड्काले बताए अनुसार सो सुन नेपाल-भारतको सीमा नाका हुँदै जनकपुरधामबाट भित्रियाइएको र सो सुन लिएर पथलैयासम्म उनीहरु बसबाट आएको बताए। त्यसपछि पथलैयाबाट उनीहरू स्कुटरमा हेटौंडा तर्फ आउँदै गरेको अवस्थामा शंकाको आधारमा चेकजाँच गर्दा सो सुनसहित दुई जनालाई पक्राउ गरिएको उनले बताए। आरोपितहरु पक्राउ परेपछि उनीहरुले सो सुन जनकपुरधामबाट पटक पटक ल्याइएको र काठमाण्डु लगिएको बताए पछि सुन तस्करीको अखाडा जनकपुरधामसमेत रहेको देखिएको छ।




आरोपितहरुले काठमाण्डुको गौशालामा सुन बुझाउने गरी जाँदै गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरी उपरीक्षक खड्काले बताए।

प्रहरी उपरीक्षक खड्काले असोज १९ गते बिहानको अन्दाजी ३:०० बजेको समयमा विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका कार्यालयबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्ट स्थित पुर्व पश्चिम सडक खण्डमा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०४७ प ७५०३ नम्बरको स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा सुन बरामद भएको बताए।

शंकाको आधारमा स्कुटर रोकी चेकजाँच गर्दा बाड र कुटीले शरीरको विभिन्न भागमा लुकाएर सुन ल्याएको भेटिएको उनले बताए।

आरोपितहरुले शरीरभरी टेपको सहायताले रुमाल बेरेर बिस्कुटको आकारको ८ थान सुन लगिरहेको अवस्थामा फेला पारेको उनले बताए।

नेपालभन्दा भारतमा सुन सस्तो रहेको हुनाले भारतबाट सुन तस्करी हुने गरेको प्रहरीको अनुमान छ।

नेपालमा करसहित प्रति तोला १ लाख ६० हजार ९ सय रुपैयाँ पर्ने गरेको छ भने भारतमा करिब १८ हजार कममा प्रति तोला सुन पाइने गरेको छ। भारतमा करिब १ लाख ४२ हजार ९ सय रुपैयाँ प्रति तोला सुन पाइन्छ।

नेपालमा सुनको दरमा ५ प्रतिशत कर थपिदाँ महगो भएको सुन व्यवसायी अजय ठाकुरले बताए। नेपालभन्दा भारतमा सस्तोमा सुन पाइने गरेकाले सुन तस्करी हुने गरेको सुन व्यवसायीहरु बताउँछन्।

मधेश प्रदेश प्रहरीका प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले धनुषाबाट सुन तस्करी हुनु गम्भीर अपराध रहेको बताए। हेटौंडामा सुनसहित पक्राउ परेका दुई जनाले पटक पटक सुन नेपाल भित्रियाइएको भन्ने कुरा बाहिरिएपछि आफूले समेत धनुषाबाट सुन तस्करी हुने गरेको उनले बताए।

धनुषाबाटै सुन तस्करी लामो समयदेखि हुँदै आएको भन्ने कुरा बुझिएकोले यस विषयमा गम्भीर अनुसन्धान थाल्ने र प्रहरीको मिलेमतोमा लामो समयदेखि हुँदै आएको सुन तस्करी सम्भव नरहेकाले यस घटनालाई गम्भीर रुपमा लिएको बताए।

प्रहरी नायव महानिरीक्षक आचार्यले भने, 'धनुषाको सीमा नाका हुँदै जनकपुरधामबाट पथलैया गएको र त्यहाँबाट स्कुटरमा काठमाण्डु जाँदै गर्दा बाटोमा पक्राउ परिएको सूचना आफूले सुने र यसबारेमा गम्भीर रुपमा बुझ्दै छु। कहाँनिर कमीकमजोरी कसको भएको छ भन्ने कुरा पनि बुझ्नै पर्छ।' उनले अघि थप्दैं भने, सुन तस्कर सीमा नाकाबाटै भएकाले धनुषासंग जोडिएका सबै भन्सार कार्यालयमा यदि सिसिटिभि क्यामेरा लागेको छ भने सोको फुटेज पनि अवश्य नै होला र अर्को कुरा प्रहरीको मिलेमतो बिना यस्ता खाले घटना लामोसमयसम्म हुन नसक्ने हुनाले प्रहरी अधिकारीहरु माथि पनि अनुसन्धान हुनेछ।'

उनले सुन तस्करीमा कुनै पनि प्रहरी अधिकारीको मिलेमतो पुष्टि भएमा कुनै पनि हालतमा नछाडिनेसमेत बताए।

यता पक्राउ परेका कुटी र बाडले यसअघि असोज ८ गते २ किलो सुन काठमाण्डु पुऱ्याएको प्रहरी उपरीक्षक खड्काले बताए।

उनीहरूलाई हङकङबाट परिचालन गरिएको हुनसक्ने उनलाई जानकारी दिए। हङकङको गिरोहसंग ह्वाट्स एपमा कुराकानी हुने गरेको समेत खुलेको छ।

मकवानपुर प्रहरीले यसअघि असोज १५ गतेमा पनि ६७ लाख रुपैयाँ मूल्यको ४९० ग्राम ८८० मिलिग्राम सुनसहित एक जना भारतीयलाई पक्राउ गरेको थियो।

हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे चेकपोष्टमा वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००१ज ६९६ नम्बरको यात्रुबाहक ईभी माईक्रोलाई जाँच गर्दा भारत बिहारको फुलबरिया पुर्वी चम्पारण बरेवा बस्ने ३४ वर्षीय सुजित सर्राफलाई सुनसहित पक्राउ गरिएको थियो।







# नेपालले कार्बन बिक्रीबाट प्राप्त गर्दैछ रु एक अर्ब ६० करोड

काठमाण्डु । विश्व बैङ्कसँग भएको सम्झौताअनुसार नेपालले अबको एक महिनाभित्र कार्बन बिक्रीबाट रु एक अर्ब ६० करोड प्राप्त गर्दैछ। सन् २०१८ देखि २०२४ सम्म नेपालले तराईका १३ जिल्लाका वनजङ्गलमार्फत कार्बनडाइअक्साइड घटाएबापत सो रकम प्राप्त गर्न लागेको वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले जनाएको छ।

नेपालले तराई भूपरिधि कार्यक्रमअन्तर्गत बागमती नदीबाट महाकाली नदीसम्मका तराईका १३ जिल्लामा छ वर्षमा दुई दशमलव चार मिलियन टन कार्बन सञ्चिति गरेबापत सो रकम पाउन लागेको हो। प्रतिटन कार्बनको पाँच अमेरिकी डलरका दरले नेपालले यही अक्टोबरभित्र रु एक अर्ब ६० करोड प्राप्त गर्ने मन्त्रालयले जनाएको छ।

वन मन्त्रालयका प्रवक्ता एवं सहसचिव बद्रीराज ढुङ्गानाका अनुसार विश्व बैङ्कसँग सुरुमा सम्झौता गर्दा उक्त रकम वन विकास कोषमार्फत आउनेगरी सम्झौता भएको थियो। अर्थ मन्त्रालयले मुलुकको कानुनी प्रावधानअनुसार त्यस्तो रकम सर्व सञ्चिति कोषमार्फत आउनुपर्ने र त्यसपछि मात्र वन विकास कोषमा हस्तान्तरण हुने भनेपछि विश्व बैङ्कले त्यसबारेमा स्पष्ट पार्न सरकारसँग अनुरोध गरेको उहाँले जानकारी दिनुभयो।

कार्बन व्यापारबाट प्राप्त हुने रकम स्थानीय लाभग्राही आदिवासी/जनजाति समुदायमा ८० प्रतिशत खर्च गर्नुपर्ने प्रावधान छ । "यसका लागि सरकारले योजना बनाएर स्वीकृत



गरिसकेको छ", प्रवक्ता ढुङ्गानाले भन्नुभयो ।कार्बन व्यापारका सम्बन्धमा खासगरी सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसपछि सन् २०१९ देखि २०२४ सम्म तराई भूपरिधिका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएको थियो।

उक्त कार्यक्रम १३ जिल्लाका एक दशमलव सात मिलियन हेक्टरमा लागू भएको केन्द्रका प्रमुख एवं सहसचिव नवराज पुडासैनीले जानकारी दिनुभयो । नेपालको वन क्षेत्रबाट औसतमा प्रतिहेक्टर एक सय ६७ टन कार्बन सञ्चिति भएको छ । सहसचिव पुडासैनीले भन्नुभयो, "नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी सन् २०२८ सम्म करिब तीन करोड ४२ लाख टन कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कम गर्ने लक्ष्य लिइएको छ। पहिलो चरणमा २०२३ मा मापन गर्दा २३ लाख टन कार्बन उत्सर्जन कटौती भएको छ।"

**'लिफ कोलिजन' मा सम्झौता गर्दै नेपाल**

पहिलो चरणको कार्बन व्यापारपछि नेपालका तर्फबाट 'उत्सर्जन घटाउन वन वित्त बढाउने साझेदारी कार्यक्रम' (लिफ कोलिजन) सम्बन्धी प्रस्ताव पेस भई सन् २०२१ नोभेम्बर ३ मा हस्ताक्षर भएको थियो । लिफ कोलिजन बजारमुखी तथा नतिजामा आधारित संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, नर्वे र दक्षिण कोरियासहित २६ निजी कम्पनीको साझेदारी संयन्त्र हो।

घाना, ब्राजिल र कोष्टारिकाले यसमा कार्बनको मूल्य निर्धारण गरी सम्झौता गरिसकेका छन्। नेपालले आगामी नोभेम्बर ११ देखि २२ सम्म अजरबैजानको बाकुमा हुने जलवायुसम्बन्धी २९औँ अन्तर्राष्ट्रिय सम्मेलनका बेला त्यस्तो सम्झौता गर्ने तयारी गरेको मन्त्रालयले जनाएको छ। यसमा बागमती, गण्डकी र लुम्बिनी प्रदेशस्थित वनमा सञ्चित कार्बन बिक्री गर्नका लागि आवश्यक तयारीसम्बन्धी क्रियाकलाप सञ्चालन गरिएको सहसचिव पुडासैनीले जानकारी दिनुभयो।

नेपालले सन् २०२८ सम्मका लागि हुने यस सम्झौताअनुसार उक्त तीन प्रदेशमा तीन दशमलव दुई मिलियन हेक्टर वन क्षेत्रमा सात मिलियन टन कार्बन सञ्चिति गरिनेछ। यस कार्बन सञ्चितिबापत नेपालले एक सय मिलियन अमेरिकी डलर रकम प्राप्त गर्नेछ। यस सम्झौतामा कार्बनको मूल्य निजी कम्पनीसँग प्रतिटन २५ डलर र सार्वभौम मुलुकसँग १० डलर प्रतिटन निर्धारण हुनेछ।

कार्बन व्यापारसम्बन्धी विज्ञ तथा मन्त्रालयका पूर्वसहसचिव पुरुषोत्तम घिमिरेले कार्बन व्यापारका सम्बन्धमा वन मन्त्रालयले निजी क्षेत्रलाई स्वागत गरेर अघि बढ्न सके मात्र सफलता प्राप्त हुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "कार्बन व्यापार गर्न निजी क्षेत्रलाई नल्याई सम्भव हुँदैन । निजी क्षेत्रलाई यसमा अनुमति दिइसकेपछि कानुनी दायरामा राखेर नियमन गर्दा हुन्छ, बाँकी काममा भने स्वतन्त्रता दिनुपर्छ । हरेक पटक मन्त्रालयले काममा हस्तक्षेप गर्न हुँदैन।" निजी क्षेत्रका जग्गामा वन जङ्गल उत्पादन गरेर कार्बन व्यापारका लागि प्रोत्साहन गर्नुपर्ने उहाँको भनाइ छ।

**'रेडप्लस' के हो ?**

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापिए किरणहरुलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिक रुपमा बढाउन भूमिका खेल्ने ग्यासहरुलाई हरितगृह ग्यास भनिन्छ । हरितगृह ग्यासहरुमा सबैभन्दा बढी भूमिका खेल्न सक्ने ग्यासका रुपमा कार्बनडाइअक्साइड ग्यासलाई मानिएको छ।

त्यस्तै, जलवायु परिवर्तनको मुख्य कारण पनि विभिन्न स्वरुपमा रहेको हरितगृह ग्यासहरु वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ। वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापनमार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरेबापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहनस्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस भनिएको हो।

यस कार्यक्रमअन्तर्गत वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन कार्बन सञ्चितिको संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बनको सञ्चितिमा अभिवृद्धि गर्ने कार्य गरिन्छ ।नेपालले पनि रेडमार्फत सन् २००८ देखि विभिन्न क्रियाकलाप गर्दै आइरहेको छ। सन् २०१८ मा तयार भएको राष्ट्रिय रेड रणनीति कार्बन व्यापार तथा रेडप्लस कार्यक्रमको कोसेढुङ्गा हो। रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा प्रवेश गर्न लागेको छ ।रासस

# चाडपर्व लक्षित खाद्य पदार्थको निरीक्षण तथा अनुगमन

काठमाण्डु । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले काठमाडौँ उपत्यकामा चाडपर्व लक्षित खाद्य पदार्थको अनुगमनलाई निरन्तरता दिने क्रममा दुई वटा फर्मको अनुगमनका क्रममा अखाद्य डेरी पसल र एबी टिपिकल थकालीका खाद्य पदार्थको नमूनाको प्रारम्भिक जाँच गर्दा कैफियतसहित अखाद्य पदार्थ भेटिएको उहाँले जानकारी दिनुभयो। सूर्यमुखी डेरी पसलको प्रशोधित दुधको




पदार्थ भेटिएको जनाएको छ।

विभागले मोवाइल फुड ल्याव भ्यानको प्रयोग गरी चाडपर्व लक्षित खाद्य पदार्थको निरीक्षण तथा अनुगमनका लागि टोली खटाएको थियो। खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम खाद्य उद्योग एवं व्यवसायको निरीक्षण अनुगमन गर्दा एउटा खाद्य कम्पनी र एउटा डेरी गरी दुईवटा फर्ममा अखाद्य पदार्थ भेटिएको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिनुभयो।

पेप्सीकोलास्थित सूर्यमुखी नमूनाको विस्तृत परीक्षणका लागि नमूना सङ्कलन गरी प्रयोगशालामा पठाइएको जनाइएको छ।

एबी टिपिकल थकालीमा बेकरी सर्टेनिङ्गको प्रारम्भिक चेकजाँच गर्दा कैफियत देखिएको थियो।

विभागले बेकरी सर्टेनिङ्गको प्रयोग नगर्न सो कम्पनीलाई निर्देशन दिएको छ। विभागले त्यस क्षेत्रका पाँच फर्ममा अनुगमन गर्दा तीन वटामा भने कुनै कैफियत नपाइएको जनाइएको छ ।रासस

# 'प्राथमिकताका आधारमा सहयोग गर्नुपर्छ'

धुलिखेल । बेथानचोक गाउँपालिका-४ सलान्दुबगरका मदन लामाको यही असोज ११ गते राति सलान्दुखोलासँगै मिसिएर आएको बाढीले घर, टेलर्ससहित कस्मेटिक पसल र फर्निचर उद्योगलगायत सबै सामान बगाएको छ । बाढीले सबै सामान बगाएपछि लामाले असोज १३ गतेदेखि बस्नका लागि कोठा खोज्नुभएको हो।



गहभरि आँसु, ओँठमा रोधन थरथर काँपेको शरीर । "न बस्ने ठेगान छ, न खानेकुरा र पैसा नै । ज्यान बाँचे पनि बस्ने र खाने व्यवस्था नहुँदा सास्ती भएको छ । एकपट्टि चुँडिएको चप्पलमा पनौती र खोपासीको बजार कोठा खोजे पनि पाइएन", मगरले सुनाउनुभयो।

घरबार, पसल, उद्योग र नगद सबै बाढीले बगाएपछि आफन्तले किएको एकजोर कपडा र चप्पलमा बसिरहेको मदनले बताउनुभयो। उद्धारपछि बाढीपहिरो पीडितको व्यवस्थापन र अवस्थाका विषयमा 'रिपोर्टिङ' गर्न शुक्रबार सलान्दुबगरमा पुग्दा बगाएको घरको अवशेष देखाउँदै उहाँले भन्नुभयो, "ज्यानबाहेक मसँग केही छैन, सबै बगाएपछि पनौतीमा कोठा खोजेर आमा र छोराछोरीलाई राखेको छु। खानेकुरा र लाउने लुगासमेत छैन।"

बाढी आएको रातिदेखि दुई दिनसम्म भिजेको लुगा लगाएर बसेको भन्दै मदनले आफन्तले दिएको कपडाले धेरै राहत महसुस भएको बताउनुभयो । लगाएर आङ छोपेर राहत लिन उभिएको बताउनुभयो । "स्थानीय सरकार र राज्यले बढी समस्यामा भएकालाई प्राथमिकतामा राखेर राहत तथा पुनःस्थापनमा गर्नुपर्छ । वृद्धा आमा र बालबच्चासहित कोठामा बसे पनि खानाको व्यवस्था नहुँदा समस्या भएको छ", उहाँले भन्नुभयो।

दसैँका लागि टेलर्समा सिलाइका कपडा, कस्मेटिक पसलमा सामान हालिसकेको बताउँदै मदनले फर्निचर उद्योगमा माग अनुसार सामान बनाएर गोदाम राखेकामा सबै बगाएको जानकारी दिनुभयो । घर, बारी जग्गाजमिन पसल र फर्निचर उद्योग गरी करिब दुई करोडमाथिको क्षति भएको उहाँले बताउनुभयो।

सोही ठाउँकी कान्छी बोमजनले घरको दायाँबायाँ पहिरोले लगेपछि रातभरि नजिकैको जङ्गलमा रूखमुनि बसेको सुनाउनुभयो । केही दिनदेखि पनौतीमा कोठा लिएर बस्दै आउनुभएका उहाँ राहतको पर्खाइमा हुनुहुन्छ । सरकारले पीडितको अवस्था, प्रथमिकता र आवश्यकताका आधारमा राहत उपलब्ध गराउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सोही ठाउँका विनोद सिङ्तानले घरबार सबै बगाएपछि आफूहरु बिचल्लीमा परेको बताउनुभयो । भएको घरबार, कुखुरापालन व्यवसाय, खाद्यान्न, लत्ताकपडा र नागरिकता, लालपुर्जालगायत सबै कागजात बगाएको उहाँले बताउनुभयो । पुरेको घरभित्र हिलोमाटो लतपतिएको लत्ताकपडा निकाल्दै खोल्साको पानीमा पखाल्दै गरेकी सरस्वती लामाले बस्ने घर, खाने अन्नपात नभएको भन्दै पीडितलाई पुनःस्थापनाका लागि स्थानीय सरकारले तत्काल पहल थाल्नुपर्ने बताउनुभयो।

बाढीले पुरिएको घरभित्रका सामान निकाल्दै बचेको सामान सार्नमा व्यस्त खहरे खोलाका सुरेन्द्र वाइबाले विपद्मा परेका नागरिकलाई चाँडो राहत उपलब्ध गराउन सरकारलाई आग्रह गर्नुभयो । सरकारले यस्तो बेलामा प्राथमिकता र आवश्यकता हेरेर सहयोग गर्नुपर्ने उहाँको भनाइ छ।

सलान्दुबगरका लिलाबहादुर लामाको परिवार अहिले खोपासीमा कोठा लिएर बस्दै आउनुभएको छ। रातिको समयमा गएको बाढीपहिरोले घरको सबै सामान, डम्फु, खैँचडी र द्याङ्ग्रो बनाउने उद्योगसमेत पुरेको उहाँले बताउनुभयो ।रासस

# गृह मन्त्रालय र अनशन बसेका दीपक सिलवालबीच पाँचबुँदे सहमति, अनशन तोडियो

काठमाण्डु । विगत एक महिनादेखि हवाई उद्धार प्रभावकारी बनाउन हवाई एम्बुलेन्सको माग गर्दै काठमाडौँको शान्तिवाटिका अनशन बसेका तेह्रथुमका दीपक सिलवालले आजदेखि अनशन तोड्नुभएको छ।

गृह मन्त्रालयका उपसचिव दिलकुमार तमाङ र सिलवालबीच शनिबार पाँचबुँदे सहमति भएसँगै उहाँले अनशन तोड्नुभएको हो। गृह मन्त्रालयमा शनिबार आयोजित एक समारोहबीच गृहमन्त्री रमेश लेखकले उहाँलाई जुस पिलाएर अनशन तोडाउनुभएको हो।

समारोहमा गृहमन्त्री लेखकले सिलवालले उठाएको विषय गम्भीर र महत्त्वपूर्ण रहेको बताउँदै सहमति कार्यान्वयनमा मन्त्रालय प्रतिबद्ध रहेको जानकारी दिनुभयो। सरकारको पनि ध्यानाकर्षण गराउने उद्देश्यका साथ अनशन बसेर सिलवालले लोकतन्त्रको असल अभ्यास गर्नुभएको भन्दै मन्त्री लेखकले प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, "आमाहरू, तिनका सन्तानहरूको जीवन जोगाउनका लागि जुन तपस्या गर्नुभयो र हामीलाई झक्झक्याउनुभयो र हाम्रो ध्यान गम्भीरतापूर्वक आकर्षण गराउनुभएको छ, तपाईंलाई धन्यवाद छ।"

गृहमन्त्री लेखकले अहिले सरकारले दिइरहेको सेवाले सबै ठाउँलाई समेट्न नसकिएको अवस्थामा त्यस्तो हुनुहुँदैन र सबै पीडामा रहेकाहरूको उद्धार गर्नुपर्छ भनेर उहाँले राख्नुभएको माग जायज भएको पनि बताउनुभयो। हवाई उद्धारसँग सम्बन्धित कार्यविधिलाई संशोधन गरेर सिलवालले उठाएको कुरालाई समावेश गरी अघि बढ्ने पनि उहाँले प्रतिबद्धता जनाउनुभयो। उहाँले तोकतान्त्रिक ढङ्गले गरिएको दीपक सिलवालको दबाब शान्तिवादी अभ्यास भएको प्रतिक्रिया दिनुभयो।

उक्त कार्यक्रममा गृह मन्त्रालयका सूचना अधिकारी तामाङले यसअधिको हवाई उद्धारको समीक्षा गर्दै आपत्कालीन हवाई उद्धारलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र गृह मन्त्रालयले आवश्यक स्रोत, साधन तथा प्रतिबद्ध संयन्त्रको व्यवस्थान गरी थप प्रभावकारी बनाउनेलगायत पाँचबुँदे सहमति भएको जानकारी दिनुभयो।

हिजोको छलफलबाट सहमति गरी शनिबार औपचारिक रुपमा हस्ताक्षर भएको जानकारी गराउँदै उहाँले सहमतिसँगै शनिबारैका मितिबाट सिलवालको अनशन पनि अन्त्य भएको जानकारी दिनुभयो।

कार्यक्रममा एक महिना अनशन बस्नुभएका सिलवालले आफ्नो माग हवाई एम्बुलेन्स नै रहेको जानकारी दिँदै अहिलेको हवाई उद्धार प्रभावकारी नभएकोतर्फ गृहमन्त्री लेखकको ध्यानाकर्षण गराउनुभएको थियो। उहाँले सके हरेक प्रदेशमा एक/एकवटा नसके कम्तीमा पनि चार ठाउँमा हवाई एम्बुलेन्स राख्न जरुरी रहेको औँल्याउनुभयो ।रासस

# 'बाढीपहिरोका घटनाले यातायात क्षेत्र समस्यामा'



काठमाण्डु । यातायात व्यवसायीहरुले बाढीपहिराले मुलुकभरका विभिन्न राजमार्गका पुल र बाटो बगाउँदा यातायात क्षेत्र समस्यामा परेका बताएका छन्।

नेपाली कांग्रेसनिकट नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्घ, नेपाल कम्युनिष्ट पार्टी (एमाले)निकट नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्गठन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)निकट गणतान्त्रिक यातायात व्यवसायी सङ्गठनले आज संयुक्त विज्ञप्ति जारी गरी चाडपर्वको नजिक भएका विपद्जन्य घटनाले नेपालको यातायात क्षेत्र समस्यामा परेका बताएका हुन्।

व्यवसायी सङ्घसङ्गठनले बाढी र पहिरोबाट निधन भएकाप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनाका साथै हराएकाको यथाशीघ्र खोजी गर्न सरकारसँग आग्रह गरेका छन् । घाइतेको उपचार, उद्धार, राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराएका हुन्।

यातायात सङ्घसंस्थाहरुले बाढीपहिराको घटनाले चाडपर्वको सम्मुखमा व्यवसायीको नियमित गतिविधिमा असर पुग्नाका साथै बिपी राजमार्ग पूर्ण रुपमा अवरुद्ध हुँदा सयौँ सार्वजनिक सवारीसाधन र मजदुर अलपत्र परेको बताउँदै तत्काल अलपत्र सवारीसाधन तथा यात्री उद्धार गर्नुपर्ने व्यवसायीको माग छ।

व्यवसायीहरुले दसैँ अगावै समस्या समाधान गर्ने पहलकदमी लिनाका साथै यातायात व्यवसायी तथा मजदुरलाई तत्काल राहत पुग्ने किसिमको वित्तीय सहयोगको कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षसमेत गरेका छन्।

संयुक्त विज्ञप्तिमा नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य, नेपाल लोकतान्त्रिक यातायात व्यवसायी सङ्गठनका अध्यक्ष श्रीप्रसाद मैनाली र गणतान्त्रिक यातायात व्यवसायी सङ्गठनका अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको घन्टाघरचोकमा  दसैँका लागि बिक्रीमा राखिएका खसी बोका। यहाँ बारा जिल्लाबाट ल्याएर बिक्री गर्न लागिएको हो। *तस्बिरःरासस*

# डुबानमा परेको राजदेवी मन्दिरको पानी निकालियो

जलेश्वर । बाढीले डुबानमा परेको महोत्तरीको जलेश्वर नगपालिका-२ मा अवस्थित राजदेवी मन्दिरको पानी आज निकालिएको छ ।

अविरल वर्षापछि एक साताअघि आएको बाढीको पानीले राजदेवीको गर्भगृहमा चार फिट पानी जमेको तथा सोही कारण बडा दसैंको घटस्थापनाको दिन माताको प्रतिमाको अगाडि जमरा पनि राख्न नसकिएपछि शनिबार एका बिहानैदेखि सम्बन्धित सरोकारवाला मिलेर मन्दिरबाट पानी निकालेका हुन् ।

राजदेवी मन्दिरका पूजारी रामपृत गिरीका अनुसार बाढीको पानीले मन्दिरको गर्भगृह डुबाउनुका साथै प्रतिमा पनि डुबानमा पारेको थियो भने मन्दिर बाहिरका भूभाग पनि जलमग्न बनाएको कारण बडा दसैंको सम्पूर्ण पूजाआजा प्रभावित भएको थियो । पूजारी गिरीले मन्दिर र गुफा दुवै डुबानमा रहेकै कारण मन्दिरको पछाडिपट्टी रहेको



खाली भूभागमा पूजा अर्चना गरी राजदेवीको नाउँमा जमरा राखिएको बताउनुभयो ।जलेश्वर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, पूजा समिति, स्थानीय नागरिक समाजलगायत निकायका व्यक्तिले मिलेर आज मन्दिरबाट बाढीको पानी निकालेर सरसफाइ गरी पूजाआजालाई निरन्तरता दिइएको छ।

नगरप्रमुख सुरेश साह सोनारको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी, सफाइकर्मी र स्थानीय बासिन्दाको सहयोगमा दमकलसहितका उपकरण लगाएर मन्दिरको पानी निकालिएको छ । सो मन्दिर जलेश्वरको सबैभन्दा होचो ठाउँमा रहेका कारण आज बाढी गइसकेको चार/पाँच दिन भइसक्दा पनि बाहिरी पानीको सतह कम नभएकाले मन्दिरको पानी पनि निस्कन नसकेको र सोही कारण बडादसैंको पूजाआजा पनि प्रभावित भएको थियो ।रासस

# बाढीले कमला नहर सिँचाइ आयोजनामा क्षति

गोलबजार । केही दिनअघि आएको बाढीले कमला नहर सिँचाइ आयोजनामा करिब रु सात करोड ५० लाख बराबरको भौतिक क्षति पुऱ्याएको कमला नहर सिँचाइ आयोजना कार्याललले जनाएको छ । नहर, 'साइफन' तथा सिँचाइको प्रमुख केन्द्रमा बालुवा पसेर क्षति पुऱ्याएको हो ।

आयोजना प्रमुख वीरेन्द्र यादवका अनुसार नहरको पूर्वी क्षेत्रको प्रणाली सिरहा, पश्चिमी क्षेत्रको प्रणाली तथा हर्दिनाथ सिँचाइ प्रणाली गरी रु साढे सात करोडबढीको भौतिक क्षति भएको प्रारम्भिक तथ्याङ्क सङ्कलन गरिएको छ ।सिरहा र धनुषाको गरी कुल २७ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइरहेको सो आयोजनाको क्षमता थप भई पछिल्लो समय ३८ हजार हेक्टर पुगेको थियो । अविरल वर्षासँगै आएको बाढीबाट क्षतिग्रस्त हुँदा सिँचाइमा समस्या भएको प्रमुख यादवले बताउनुभयो ।

कमला नहरसहित नहरसम्म पुग्ने ग्राभेल बाटोमा क्षति हुनुका साथै भौतिक संरचना नष्ट



भएका अयोजना कार्यालयका सबइञ्जिनियर सुभाष यादवले बताउनुभयो। ती संरचना पुनःनिर्माण गर्न आर्थिक अभाव भएकाले सरोकार भएका निकायले सहयोग गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

कर्जनहा नगरपालिकाका ममता यादवले यसअघि कमला नहर यहाँका किसानका लागि वरदान जस्तै बनेको बताउनुभयो । यथाशीघ्र पुनःनिर्माण गरी किसानलाई सहज रुपमा सिँचाइको सुविधा पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो । आयोजनाले धनुषाका चारनाथ, सबैला, सहिद, विदेह, कमला, हंसपुर नगरपालिका तथा औरही र जनकनन्दनी गाउँपालिकाका साथै सिरहातर्फ कर्जन्हा, मिर्चैया, कल्यानपुर, सिरहा र सुखिपुर नगरपालिका तथा विष्णुपुर र औरही गाउँपालिकामा सिँचाइ सुविधा पुऱ्याएको छ ।विसं २०१७ मा तत्कालीन सिँचाइमन्त्री गणेशमान सिंहले उक्त आयोजना शिलान्यास गर्नुभएको थियो । आयोजनाले विसं २०४० देखि सिँचाइ सुविधा पुऱ्याउन थालेको हो ।रासस

# बाढीपीडित किसानको गुनासो- स्याहार्ने बेलाको धान बाढीले लग्यो, अब के गर्ने थाहा छैन

राजविराज । सप्तरी हनुमाननगर कङ्कालिनी नगरपालिका-१ कोशी ब्यारेजका भीमराज मण्डलले दुई बिघामा लगाएको धानखेती बाढीले बगायो । कोशी किनारमै मजदुरी गर्दै आउनुभएका उहाँ बाढीले धानखेती ध्वस्त बनाएपछि अब के गर्ने भन्ने चिन्तामा हुनुहुन्छ ।

"अहिलेसम्मको सबै मेहनत बाढीले बगायो, खेतमा गोडमेल, रोपाइँ, सिँचाइलगायतमा मात्रै प्रतिबिघाको रु ३५ हजारसम्म खर्च भएको थियो", उहाँले भन्नुभयो । केही दिन अघि परेको अविरल वर्षासँगैको कोशी नदीमा आएको भिषण बाढीका कारण उहाँ मात्रै होइन अधिकांश किसान पीडामा छन् । त्यसैमध्येका एक हुनुहुन्छ उमेश माझी । "घुटराज जातको धान लगाएको थिए । पाकेर स्याहार्ने बेलामा कोशीको बाढीले सबै लग्यो, यहाँका किसानको लाखौँको लगानी डुब्यो", उहाँले भन्नुभयो ।

कोशी ब्यारेजकै किसान लक्ष्मण प्रमाणीले दसैँ लगत्तै धान काट्ने सोचमा हुनुहुन्थ्यो । तर अघिल्लो साता लगातार परेको वर्षाका कारण आएको बाढीले घरदेखि पश्चिम कोशी किनारमै रहेको खेत माटोले भरिएको छ । "चार बिघामा लगाएको सबै धान बाढीले पुरिदियो, घर खर्च कसरी चलाउने भन्ने चिन्ता थपिएको छ", उहाँले भन्नुभयो, "हामी खेतीमै निर्भर



परिवार हो । अब के गरी परिवारको पेट पाल्ने भन्ने चिन्ता थपिएको छ ।"

त्यहाँका अधिकांश घरपरिवार सुकुमबासी छन । कोशी ब्यारेजमा करिब ४५ परिवार मजदुरी गरी जीविकोपार्जन गर्दै आएका छन् । उनीहरु अधिकांशको दैनिकी कोशी नदीमा बगाएर ल्याएका दाउरा छान्दैमा बित्ने गरेको छ । यहाँ करिब पाँच सय बिघा जमिनमा धान रोपाइँ भएको स्थानीय वीरेन्द्र कबिरले बताउनुभयो । जिल्लाका विभिन्न स्थानमा घुटराज धान लगाउने किसान अहिलेको वर्षाबाट बढी प्रभावित भएको उहाँले बताउनुभयो ।

किसान सुकदेव राउतको अवस्था पनि उस्तै छ । बाढीले २५ कठ्ठा खेतमा रोपेको धान काट्नै नमिल्ने गरी कोशी नदीको बाढीले पाँगो हालेर पुरिदिएको छ । पाकेको धान समेत नदीले पुरिदिएपछि कसरी परिवार पाल्ने भन्ने चिन्ता थपिएको छ ।त्यस्तै पूर्व-पश्चिम राजमार्गको उतरपट्टी हनमाननर कङ्कालिनी नगरपालिका-१ भारदहमा पाँच सय बिघामा लगाइएको धानखेत बगरमा परिणत भएको छ ।

स्थानीय बुदुर राम र फुदुर रामको दुई/दुई बिघाको धानबाली पूर्णरुपमा नष्ट भएको छ । यस्तै भारदह गाउँकै अनिल माझी, पारस माझी, बथुह माझी, मोहन संत, मुसहरु राम, सुनिल राम, महेश माझी, सकलदेव लोगी र अशोक खड्गा, बासुदेव खड्गा तथा मनवोध झासहित करिब एक सय परिवारको धान खेती कोशीको बाढीका पानीका कारण नष्ट भएका छन् ।

धानखेतीमा पानी निकासी हुने कुनै ठाउँ नरहेकाले पाँच सय बिघामा लगाइएको धान पूर्णरुपमा गलेर नष्ट भएको वडा अध्यक्ष सुरेन्द्र मण्डलले जानकारी दिनुभयो । उक्त ठाउँमा कोशी नदीबाट भासेर आएका जलकुम्भी, बिभिन्न झारपातले भरिएको छ ।

पूर्वी पहाडी जिल्लामा परेको अविरल वर्षाका कारण विभिन्न नदी हुँदै सप्तकोशी नदीमा आएका बाढीले केही घरमा क्षति पुऱ्याउनका साथै कैयौँ बिगाहा जमिनमा रोपेको धान बाली नष्ट भएको छ । कृषि ज्ञान केन्द्र राजविराजका सप्तरीका अनुसार जिल्लाको पूर्वीभेगका हनुमाननगर कङ्कालिनी नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ८, ९, ११ र १४ वडामा बाढीले धान खेतिमा क्षति गरेको छ ।

त्यस्तै जिल्लाको तिलाठी कोइलाडी, कञ्चनरुप नगरपालिका, तिर हुत गाउँपालिकामा समेत हजारौँ बिघाको धानबाली नष्ट भएको छ । यस क्षेत्रमा कोशी, जीता, मोहुली जस्ता नदीहरुमा आएको बाढी पसेको हो ।रासस

# 'बाढीपहिरोबाट क्षति भएका सडक एवं पुलको दसैं अगाडि मर्मत सम्भार गरिने'

मोरङ ।कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशमा हालै आएको अविरल वर्षाका कारण बाढीपहिरोबाट भएको सडक, पुललगायत क्षतिलाई दसैँ अगाडि मर्मत सम्भार गरिने बताउनुभएको छ ।

नेकपा (एमाले) प्रदेश समितिका इन्चार्ज एवं पूर्वमुख्यमन्त्री शेरधन राई, प्रदेश समिति अध्यक्ष घनश्याम खतिवडा र सचिव राजकुमार भण्डारीद्वारा शनिबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा ध्यानाकर्षण पत्र बुझ्दै उहाँले सो कुरा बताउनुभएको हो ।

उहाँले असोज १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले बाढीपहिरोबाटमृतकप्रतिश्रद्धाञ्जली, बेपत्ताको उद्धार, खोजी, घाइतको निःशुल्क उपचार र राहत उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो ।मुख्यमन्त्री कार्कीले बाढीपहिरोबाट भएको क्षतिको पूर्ण विवरण आएपछि सम्बन्धित मन्त्रालयले दसैँ अगाडि गर्नसक्ने मर्मत सम्भार कार्य तत्काल गर्न निर्देशन दिइएको बताउनुभयो ।

उहाँले प्रदेश सरकारप्रति जनताको



विश्वास एवं अनुभूति जागृत गराउन सडक, पुललगायत निर्माण कार्य द्रुत रुपमा गर्न सम्बन्धित मन्त्रालय एवं निकायलाई निर्देशन दिइएको जानकारी दिनुभयो । मुख्यमन्त्री कार्कीले नेपाल सरकार, विपद् प्राधिकरण र प्रदेश मन्त्रालयको सहकार्यमा आगामी १० दिनभित्र गर्नसक्ने कार्यका लागि प्रमुख सचिवलाई निर्देशन दिएको बताउनुभयो ।

सो अवसरमा प्रदेश इन्चार्ज एवं पूर्वमुख्यमन्त्री राईले यस विपद्को घडीमा मृतकका परिवारलाई तत्काल सहयोग, घाइतेको निःशुल्क उपचार, बेपत्ताको खोजी र विस्थापितको पुनःस्थापना, बालीनालीको क्षतिपूर्ति उपलब्ध गराउन आग्रह गर्नुभयो ।

उहाँले प्रदेश सरकारले विशेष विपद् प्राधिकरण गठन गरी उद्धार ,राहत पुनःस्थापना र पुनःनिर्माण कार्य सुरु गर्न ध्यानाकर्षण गराउनुभयो । नेकपा (एमाले) प्रदेश कमिटीका अध्यक्ष खतिवडाले असोज ११ र १२ गतेको वर्षाका कारण भएको ठूलो जनधनको क्षति एवं विकास निर्माण संरचना एवं सञ्चारका माध्यमको क्षति पुगेको चर्चा गर्दै सरकारलाई राहत कार्यमा सरकारलाई सघाउन ध्यानाकर्षण गर्न लागिएको बताउनुभयो ।

सो अवसरमा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लिलावल्लभ अधिकारी, आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर राना, भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राई, खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्की, मुख्यमन्त्री तथा मन्त्रिपरिष्का राज्यमन्त्री सिर्जना राई, मन्त्रालयका सचिव, नेकपा (एमाले) का विभिन्न जिल्लाका अध्यक्षको उपस्थिति रहेको थियो ।रासस

# बाढीपछि पशुपति क्षेत्रमा सरसफाइ



काठमाण्डु । नेपाली कांग्रेसले नवरात्रको अवसर पारेर पशुपति क्षेत्रका विभिन्न स्थानमा बाढीले जम्मा पारेको फोहर सफाइ गरेको छ । कांग्रेसको वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागको आयोजनामा भएको कार्यक्रममा पार्टीका उपसभापति धनराज गुरुङ, केन्द्रीय सदस्य एवं विभागका प्रमुख कल्याणकुमार गुरुङलगायत पार्टी नेता, कार्यकर्ताको उपस्थिति रहेको थियो । यही असोज १०, ११ र १२ गतेको वर्षा र त्यसपछि आएको बाढीका कारण पशुपति क्षेत्रमा थुप्रिएको फोहर सफाइका लागि कार्यक्रम आयोजना गरिएको विभागका प्रमुख गुरुङले जानकारी दिनुभयो ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को विश्व सम्पदा सूचीमा सूचिकृत पशुपति क्षेत्रलाई सफा र स्वच्छ राखी विश्वका पर्यटक यहाँ आकर्षित गर्नुपर्छ भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको पनि उहाँले जानकारी दिनुभयो । सम्पदा क्षेत्रलाई सधैँ सफा राख्नुपर्छ भनी पार्टीले वडातहसम्म जागरण अभियान चलाउने पनि जनाइएको छ । त्यस अवसरमा पशुपति क्षेत्रका विश्वरुप, मृगस्थली, गुह्येश्वरी र त्यस नजिकको वाग्मतीमा सफाइ गरिएको थियो ।

कांग्रेसले बाढी, पहिरोका कारण वाग्मती नदी किनार र नदी किनारमा रहेका सम्पदा क्षेत्रमा जम्मा भएको फोहरलाई निरन्तर रुपमा सफाइ गर्ने जनाएको छ । यसै क्रममा यही असोज २१ गते बिहान ७ बजे ललितपुरको वाग्मती किनारस्थित बिपीनगरमा रहेको कांग्रेस केन्द्रीय कार्यालय परिसरमा सफाइ गरिने विभागीय प्रमुख गुरुङले जानकारी दिनुभयो । सम्पदा सफाइ अभियानमा जुट्न उहाँले पार्टीका विभिन्न तहमा क्रियाशील नेता, कार्यकर्तालाई अनुरोध गर्नुभएको छ । बाढी, पहिरोबाट वाग्मती किनारमा जम्मा भएको फोहर सफाइ अभियान सकेपछि वाग्मतीको मुहानस्थित वाग्द्वारबाट नै नदी सफाइका लागि अभियान चलाउने तयारी पनि विभागले गरेको छ । यो अभियानका लागि बिपी सङ्ग्रहालय सुन्दरीजललाई विशेष जिम्मेवारी दिइएको पनि कांग्रेसले जनाएको छ ।रासस

# नेपाल पत्रकार महासङ्घको राष्ट्रिय भेला जारी

भक्तपुर । नेपाल पत्रकार महासङ्घका प्रदेश तथा जिल्ला अध्यक्षहरूको राष्ट्रिय भेला मध्यपुरथिमिको बोडेमा जारी छ । महासङ्घ केन्द्रीय समितिको आयोजना तथा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाको व्यवस्थापनमा बोडेमा शनिबार बिहानदेखि भेला सुरु भएको हो ।

महासङ्घको सदस्यता विवादका कारण पटकपटक तोकिएको निर्वाचन मिति सारेर अन्योल बनेको अवस्थामा प्रदेश तथा जिल्ला अध्यक्षहरूसहितको भेलाले समस्या समाधानका उपाय खोज्नेबारे छलफल सुरु भएको महासचिव रोशन पुरीले जानकारी दिनुभयो । सदस्यतासम्बन्धी विवाद समाधानका लागि महासङ्घका ५३ जिल्लाका अध्यक्षहरूले राष्ट्रिय भेलाको माग गर्दै केन्द्रीय समितिलाई ज्ञापनपत्र बुझाएका थिए ।

कार्यवाहक अध्यक्ष बाला अधिकारीको अध्यक्षतामा भएको भेलामा विभिन्न जिल्लाबाट सहभागी प्रदेश तथा जिल्ला अध्यक्षहरूको सहभागिता रहेको छभने विपद्का कारण भेला हुन नसकेका अध्यक्षहरूसँग ' भर्चुअल' माध्यमबाट छलफल एवं परामर्श गरिएको छ । राष्ट्रिय भेलामा पूर्वकेन्द्रीय अध्यक्षहरु डा सुरेश आचार्य, डा महेन्द्र बिष्ट, तारानाथ दाहालगायतको सहभागिता रहेको छ ।

भेलामा निर्वाचन मिति, सदस्यता विवाद सुल्झाउनेबारे फरक फरक प्रस्तावहरूमाथि छलफल भइरहेको महासचिव पुरीले जानकारी दिनुभयो । जिल्ला अध्यक्षहरूका तर्फबाट पत्रकार महासङ्घ भक्तपुर अध्यक्ष जगतकृष्ण प्रजापतिले जिल्ला शाखाले सर्वसम्मत पारित गरेर प्रदेशले अनुमोदन गरेको नामावलीलाई मान्यता दिनुपर्ने, विधान विपरीत स्थानान्तरण गरिएका सदस्यता स्वतः रद्द हुनुपर्ने, पुस २० गते निर्वाचन गर्नुपर्ने प्रस्ताव भेलामा राख्नुभएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# राहत देउ

मधेश प्रदेशमा वर्षा र बाढीबाट जनधनको क्षति भएको छ । ८ जनाको मृत्यु भएको र सयौँ परिवार प्रभावित भएको सरकारी तथ्यांक छ। क्षति भएको हप्ता दिन बढी वितिसक्दा पनि प्रदेश सरकारले प्रभावितहरुका लागि केहि गरेको छैन। विपतको बेला तत्काल नै सरकार जनताको अगाडि पुग्नुपर्छ । बाढी, पहिरोबाट भारी क्षति भएका जिल्ला र क्षेत्रमा संघीय सरकार पुगेको छ। सडक खुलाउने र वैकल्पिक मार्ग चालु गर्न सरकार लागेको छ। तर मधेश प्रदेश सरकार सुस्त देखिएको छ। प्रभावितहरुलाई तत्काल राहत दिनुपर्नेमा हप्ता दिन बढी वितिसक्दा पनि निस्क्रिय छ। प्रभावित परिवारहरु खुला आकाशमुनी रात बिताउन बाध्य छन्। पिउने पानीको समस्या छ। गाउँ र टोल जोड्ने सडकहरु क्षतिग्रस्त भएका छन् । त्यसको सञ्चालन गर्न सरकारले काम थालेको छैन । दशैं, तिहार र छठ पर्वको बेला मधेश प्रदेशका वासिन्दाहरु विभिन्न कार्यक्षेत्रबाट घर फर्किने क्रम जारी छ। सप्तरी, सर्लाही र रौतहट जिल्ला मधेश प्रदेशमा बढी प्रभावित छ। अन्य जिल्लाहरु बारा, पर्सा, सिरहा र महोत्तरीमा पनि वर्षा र बाढीको प्रभाव परेको छ। धनुषा जिल्लाको उत्तरी भेगमा पनि नदीले जग्गा कटान गरेको छ। कटान नियन्त्रण, पिउने पानीको समुचित व्यवस्था, भौतिक संरचना क्षति भएका परिवारलाई घर निर्माणका लागि रकम र क्षतिग्रस्त सडकको मर्मत गरी सञ्चालन गर्नुपर्ने प्राथमिक कार्य समेत सरकारले गरिरहेको छैन । मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको दैवी प्रकोप उद्धार कोषमा रहेको रकम तत्काल जिल्ला दैवी प्रकोप उद्धार समितिहरु मार्फत प्रभावितलाई उपलब्ध गराउनु पर्छ । कार्यविधि संशोधन लगायतका कामहरु अहिले प्राथमिक विषय होइन । अहिले प्रभावितलाई राहत उपलब्ध गराउनु नै मुख्य विषय हो । मधेश प्रदेशको सरकारले विगतमा पनि जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत प्रभावित सम्म तत्काल राहत पुऱ्याउने गरेको थियो । मुख्यमन्त्री सतीश कुमार सिंह यसमा धेरै पछि परिरहेका छन् । गृहमन्त्री राजकुमार लेखी कमिशन खान मन्त्रालयको रकम आफै खर्च गर्ने अनुकुलताको खोजीमा छन् । उनले प्रदेश सरकारको बजेट संघीय सरकारका कर्मचारी(सीडीओ)मार्फत खर्च नगर्ने भन्दै दैवी प्रकोप शीर्षकमा रहेको ८ करोड रुपैयाँमा चलखेल गर्न थालेका छन्। दैवी प्रकोपमा परेका मधेश प्रदेशवासीलाई राहत दिन सरकारले तत्काले सो बजेट जिल्ला दैवी प्रकोप समितिलाई उपलब्ध गराउनु पर्छ। हरेक काममा कमिसन खाने गृहमन्त्री लेखीमाथि आरोप छ। उनी दैवी प्रकोपको बेला पनि कमिसनकै लागि अनेक बहाना गर्दै रकम रोकेका हुन्। यसमा सत्ता गठबन्धन दलहरु र मुख्यमन्त्री सिंह स्वयंले तत्काल पहलगरि जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत पीडितहरुलाई राहत उपलब्ध गराउनु पर्छ।

# ब्रम्हाण्डको सृष्टिकर्ता माता कुष्माण्डाको पूजा

*सुरासम्पूर्णकलशं रुधिराप्लुतमेव च।*
*दधाना हस्तपद्माभ्यां कुष्मांडा शुभदास्तु मे॥*

बडा दशैंमा चौथो दिन माता कुष्माण्डाको पूजा गरिन्छ। माता कुष्माण्डा दूर्गा भवानीको चौथो रुप मानिन्छ। आफ्नो मधुर मुस्कान सहित अण्ड अर्थात ब्रम्हाण्डको उत्पति गरेको कारण उनको नाम कुष्माण्डा देवीको रुपमा प्रख्यात भएको हो ।जुन बेला सृष्टि थिएन् ।पृथ्वी थिएन् ।सर्वत्र अंघकार थियो। त्यती बेला माता कुष्माण्डाले नै आफ्नो मन्द हास्यबाट ब्रम्हाण्डको रचना गर्नु भयो। त्यसै कारण उहाँलाई यो संसारको आदिस्वरुपा वा आदिशक्ति भनिन्छ ।देवी कुष्माण्डाले नै ब्रम्हाण्डको रचना गरेकी हुन्।

माता कुष्माण्डाको आठवटा हात छन् । त्यसकारण उहाँको नाम अष्टभुजाधारीपनि हो ।उहाँको सातवटा हातमा क्रमशः कमण्डल, धनुष, बाण, कमल-पुष्प, अमृतपूर्ण कलश, चक्र र गदा शुशोभित छन्। आठौ हातमा सम्पूर्ण सिद्धी तथा निधी प्रदान गर्ने कल्याणकारी जप माला रहेको छ।

माता कुष्माण्डाको सवारी सिंहमा हुने गर्छ ।उहाँलाई सिंहको सवारी मन परेको हो ।तर मातालाई कुम्हर(एक प्रकारको तरकारी)को बलि अत्यन्त प्रिय छ ।कुम्हरलाई संस्कृतमा कुष्माण्ड भनिन्छ ।उहाँको नाम कुष्माण्डा परेको कारण त्यसलाई मानिएको छ ।माता कुष्माण्डाको वास सूर्यमण्डलको भित्रको लोकमा छ ।सूर्यलोकमा रहने क्षमता उहाँमा मात्र छ ।सूर्यको तेजलाई वर्दास्तगर्ने क्षमतावान वैभवशाली माता कुष्माण्डाको शरिरको कान्ति र प्रभा सूर्यकै समान दैदिप्यमान (चम्किलो) छ ।उहाँको तेजबाट नै दसौं दिशा उज्जवल र आलोकित छ ।ब्रम्हाण्डमा व्याप्त सबै वस्तु र प्राणीमा उहाँकै तेज व्याप्त छ ।माता कुष्माण्डाको तेजले नै संसार तेजिलो बनेको छ।



अत्यन्त शान्त भाव, मन स्वच्छ र शरिरलाई पवित्र गरी नवरात्रिको चौथो दिन पूजा आरधना गर्नु पर्छ । यसले भक्तहरुको रोग र शोकको नाश हुन्छ ।साधकहरुको आयु, यश, बल , आरोग्य प्राप्त हुन्छ ।माता कुष्माण्डा थोरै पूजाबाट प्रसन्न हुन्छिन् ।उहाँको पूजाका लागि धेरै सामग्रीको पनि आवश्यकता पर्दैन्। तर उहाँको पूजा स्वच्छ र पवित्र तनमनले गरे चाँडै वर प्राप्ति हुन्छ। सच्चा मनले पूजा गर्नेहरुलाई सहजतासित नै परमपद प्राप्त हुन्छ।

विधि-विधानले पूजा गर्दा भक्तलाई अल्प समयमा नै माताको कृपाको सूक्ष्म भाव अनुभव हुन थाल्छ ।देवी कुष्माण्डाले आधीँ, व्यवधान लगायतबाट मुक्त गरी सुख-समृद्धि तथा उन्नति प्रदान गर्नु हुन्छ। अंततः यसै देवीको उपासनामा सँधै तत्पर रहनु पर्छ।

बडा दशैंमा दश दिन सम्म नै श्रद्धालुहरुले माता दूर्गा भवानीको विभिन्न स्वरुपको पुजा गर्छन् ।पहिलो दिन माता शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन माता चन्द्रघण्टा र चौथो दिन कुष्माण्डाको पूजा गरिन्छ ।आदिशक्ती स्वरुपा दूर्गा भवानी एउटै भएपनि विभिन्न कालखण्डमा विभिन्न स्वरुपमा अवतरित भएर असंभव कार्यहरुलाई सहजै संभव बनाएकी हुन्।

दश दिन सम्म बडा दशैं रहेपनि नौ दिन सम्म मात्र नौ स्वरुपको पूजा हुन्छ ।माता दूर्गाको मन्दिरहरु अथवा पण्डाल र मूर्ती स्थापना गरी गरिने पूजामा सबै स्वरुपको मूर्ती बनाईएको देखिदैन् ।मन्दिर र पण्डालहरुमा दूर्गा भवानीसँगै भगवान गणेश, माता लक्ष्मी, सरस्वती, भगवान शंकर लगायतका देउताहरुको पनि मूर्ती स्थापना गरिएको हुन्छ ।तर पूजा विधि विधान अनुसार नौ दिन सम्म माता दूर्गाकै विभिन्न स्वरुपको पूजा गरिन्छ।

## महान् पर्व विजयादशमी :

# असत्यमाथि सत्यको विजय



**डा. रामसागर पंडित**

विश्वमा विभिन्न धर्मावलम्बीहरू भिन्नभिन्न क्षेत्रमा बसोबास गर्छन् । यी धर्मावलम्बीहरूमा हिन्दु, मुस्लिम, सिख, इसाई, बौद्ध, पारसी, यहुदी आदि रहेका छन् । यिनीहरू आफ्ना जीवनशैली आ–आफ्नै धर्मग्रन्थले निर्देश दिएअनुसार नै बिताउँदै आएका छन् । हाम्रो देशमा पनि यी मध्ये विभिन्न धर्मावलम्बीहरू एकआपसमा मिलेर बस्दै आएका छन् । नेपाल आकारमा सानो देश भएपनि यो एउटा बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक देश पनि हो । यहाँ आ–आफ्ना धार्मिक परम्परा अनुसार बाच्न सबै स्वतन्त्र छन् । नेपालको इतिहासतिर फर्केर हेर्दा राणाशाही, प्रजातान्त्रिक, पञ्चायती, प्रजातन्त्रको पुनर्स्थापित र गणतान्त्रिककाल समेतलाई हेर्दा यी धर्मावलम्बीहरू वडो खुशीपूर्वक शान्त वातावरणमा आ–आफ्ना पर्वत्योहार मनाउँदै आएका छन् । राणाकालदेखि प्रजातन्त्र पुनर्स्थापन कालसम्म नेपाल विश्वको एक मात्र हिन्दु राष्ट्र थियो । हालको गणतान्त्रिक व्यवस्थामा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाइएको छ । धर्मनिरपेक्ष भनेको सबैधर्म राज्यकालागि समान छन् । यी धर्महरू एक अर्काभन्दा बिल्कुल तटस्त छन् । अर्को धर्मलाई कुनै प्रकारको खलल नपुऱ्याइ आफ्नो धार्मिक स्वतन्त्रतालाई उपयोग गर्न शतप्रतिशत छूट छ ।

अब हामी हिन्दु धर्मतिर लागौं । हिन्दु भनेको वेद, धर्मशास्त्र, नीतिशाास्त्र र पुराण आदिलाई आफ्नो धर्मको आधार ग्रन्थ मान्नेलाई जनाउँदछ । कतिपयको के भनाइ छ भने हिन्दु कुनै धर्म होइन यो त बाच्ने शैली मात्र हो । मेरो विचारमा हिन्दु एउटा धर्म हो जसको सम्बन्ध सत्य, नैतिकता, इमान्दारिता, दया, परोपकारिता, अहिंसामा आधारित छ । हाम्रा वेदलाई ईश्वरले प्रदान गरेको मानिन्छ । हिन्दु धर्म जति पुरानो धर्म अन्य कुनै छैन भने विश्वास गरिन्छ । हिन्दु धर्ममा हिंसाको कतै ठाउँ छैन, तर आफ्नो ज्यान सुरक्षाका लागि गरिने हिंसालाई हिंसा मानेको छैन ।

हिन्दु धर्मावलम्वीहरू पर्वत्योहारमा धनी छन् । सालैभरि कुनै न कुनै पर्वत्योहर मनाइ रहन्छन् । बडादशैं यसको एउटा शृङ्खला हो । वर्षभित्र दुईवटा दशैं मनाउने गरिन्छ । यी दशैंहरू ६/६ महिनाको अन्तरालमा मनाइने चलन छ । पहिलो दशैं आश्विन शुक्लपक्षको परेवादेखि नवमी/दशमीसम्म जम्मा दस दिन मनाइन्छ । जसलाई बडादशैं पनि भनिन्छ । अर्को दशैं चैत्र शुक्लपरेवा दिनदेखि नवमी/दशमीसम्म मनाइन्छ । चैत्रमा मनाइने दशैंमा त्यति हर्षोल्लास हुँदैन । मानिसहरू समान्य रूपले मनाउँछन् । अशोजको दशैं बहुतै धूमधामसाथ मनाउँछन् । यसमा दुर्गामाताको पूजा गरिन्छ जो शक्ति कि देवी कहलाउँछिन् । दुर्गालाई दुष्ट, कुकर्मी तथा पातकीलाई नाश गर्ने महादेवीको रूपमा लिने गरिन्छ । विभिन्न आत्तायी राक्षसहरूलाई मारेर वातावरणलाई शान्त बनाएकी थिइन् । महिसासुरलाई मारेकी हुनाले वहाँलाई महिषासुरमर्दनी पनि भनिन्छ् । वहाँले अर्को महान् आत्तायी राक्षसहरू शुम्भ र निशुम्भसमेतलाई मारेकी हुनाले शुम्भ/निशुम्भसंहार्नी पनि भनिन्छ । चण्डमुण्डलाई संहार गर्ने हुनाले वहाँलाई चामुण्डा पनि भनिन्छ । यसरी वहाँ विभिन्न नामले प्रख्यात छिन् ।



के विश्वास छ भने राम लङ्कामा रावणलाई हराएर मार्न खोज्दा राम आफुलाई केही कमजोर अनुभूति गर्नुभयो । त्यसैबेला दुर्गतिनाशनी देवीदुर्गाआमाको याद आयो । देवीदुर्गाआमाको पूजापाठ गरेर आशिर्वाद लिएपछि सहजै रावणमाथि विजय पाउनुभयो । देवीदुर्गा सबैभन्दा शक्तिशाली मानिन्छ । देवीदुर्गा हिन्दु भएका ठाउँहरूमा विश्वभरि पुजिन्छन् । हिन्दु धर्ममा माटाका मूर्तिलाई निकै बढी शुद्ध र स्वच्छ मानिन्छ । मूल रूपमा माटाका मूर्तिहरू घर/मन्दिरहरूमा सजाएर पूजा गरिन्छ । नेपाल र भारतमा विशेष गरी प्रत्येक ठाउँमा देवीदुर्गाको पूजा बडो उत्साह र पवित्रतासाथ गर्दै आएका छन् । देवीदुर्गाबारे संस्कृतमा लेखिएको 'दुर्गासप्तसती' ले पूर्णरूपमा वर्णन गरेको छ । वहाँलाई धेरै नामले पुज्ने गरिन्छ । वहाँको केही नाम यस प्रकार रहेका छन्ः कात्यानी, गौरी, काली, शिवा, जगदम्बा, सर्बमंगल, चण्डिका र अम्बिका । हाम्रो हिन्दुधर्मको के मान्यता छ भने देवीदुर्गालाई पवित्रतासाथ पूजापाठ गरेपछि भित्र र बाहर कुनै किसिमको रोग, भोग, दुष्ट, पातकी जस्ता अंसुरी प्रवृति प्रवेश गर्न पाउँदैनन् । देवीदुर्गा कसैलाई दुःख दिन चाहँदिनन् । तर गलत काम गर्ने, धर्मको विरूद्धमा लाग्ने, असत्य र हिंसामा विश्वास गर्ने जस्ता मानिसलाई कहिले पनि भलो चाहेकी हुँदैनन् । अहिलेको समाजमा दुर्गापूजा बारे दुईवटा प्रवृति देखिन्छ । पहिलो प्रवृति शाकाहारी र दोस्रो प्रवृति मांसाहारी । शााकाहारी समूहमा बस्ने मानिसहरूको के भनाइ छ भने देवीदुर्गा कसैको हिंसा कसरी गर्न सक्छिन ? वहाँ त सत्य, अहिंसा, धर्म, आदिको पक्षमा हुनुहुन्छ । त्यसैले देवीदुर्गालाई खसी, बोका, हाँस, पारो, कुखुरा आदि इत्यादि जनावर तथा पशुपन्छीहरूलाई बली दिनु देवीदुर्गाको भावना विपरीत छ । अर्को पक्ष परम्परादेखि चलिआएको कुरालाई उठाउन तयार छैनन् । उनीहरू देवीदुर्गालाई मांस, मदिरा भक्षण गर्ने देवीको रूपमा मानेका छन् । जहाँसम्म नेपाल भारतको कुरो छ, दुबै देशका श्रद्धालुभक्तजन यस्तै दुई भागमा विभक्त छन् । यसमा अलिकति जनकपुरधामको प्रसंगलाई जोडौं । जनकपुरधाम प्राचीन कालमा मिथिलाको राजधानी थियो । त्यसबेलाका मिथिला नरेशहरू शैव धर्मावलम्वीहरू थिए जसको प्रत्यक्ष उदाहरण जनकपुरधामको चारै दिशामा शिवालय स्थापना गरेर पूजाआर्चा गरेका थिए । त्यति मात्र कहाँ हो र ! देवीगिरिजालाई आफ्नो कुलदेवी मानेका थिए ।

तर जनकपरधामका केही मान्छेहरूका समूहले राममंदिरमा अवस्थित राजदेवीलाई राजाजनकको कुलदेवीसंग जोडेर देखाउनु भनेको इतिहासलाई मिथ्यासंग जोड्नु सिवाय अरु केही होइन । कुनै कुरालाई शिलालेख गर्नुभन्दा पहिले विभिन्न सम्बन्धित विद्वानहरूसंग छलफल गरेर मात्र लेख्नु उपयुक्त हुने थियो । राजदेवी मंन्दिरको राजदेवी कुनै राजामहाराजाले स्थापना गरेको होइन् । यहाँ विगतमा आएका गुठीका कर्मचारीहरू दशैं मनाउन राजदेवीलाई स्थापना गरी पूजाआर्चा गर्न थाले र पछि राजदेवीको नाम प्रचार गरियो । यसरी एउटा गुठीका कर्मचारीद्वारा स्थापित भगवती मंदिरलाई राजाजनकका कुलदेवी नामाकरण गरेर प्रचारप्रचारमा ल्याउनु कति जायज हो वा नाजायज, विचारणीय पक्ष रहेछ । इतिहासलाई कहिले पनि टोरमटोर गरि प्रस्तुत गर्नु हुँदैन । उसले आउने सन्नतिमा गलत तथा भ्रूठको अवधारणालाई स्थापित गर्दछ जसले एक न एक दिन भ्रूठै साबित हुन्छ ।

हाम्रो यहाँ दुर्गा पूजा गाउँ/गाउँमा गरिन्छन् । मानिसको आस्था बढदै गएको देखिन्छ । कतिपय ठाउँमा मूर्ति पूजाको विवादले एउटा ठूलो विवादको रूप लिन्छ र ठूलो जनधनको क्षति हुन जान्छ । यस्तो हुनुहुँदैन । सबैका आ–आफ्ना आस्था अनुसार धर्म मान्ने र मनाउने अधिकार प्राप्त छ । देशमा कानुन छ । कानुनलाई जहिले पनि पालना गर्नुपर्छ । यही एउटा असल नागरिकको कर्त्तव्य पनि हो । हाम्रो देश जहिले पनि यस्ता हिंसा हत्याको विरोधमा उभिएको छ । अहिले विश्वमा भैरहेका युद्धहरू पनि यसैका कारण हुन् । मान्छे जहाँ पनि जातपात, धर्म, सस्कृति, साहित्यको कुरा उठाएर विवाद खडा गरि दिन्छन् र त्यही विवाद विस्तारै ठुलो युद्धको रूप लिन्छ ।

विजयादशमी अर्थात दशैं भनेको असत्य माथि सत्यको विजयको रूपमा लिएको छ । सत्य जहिले पनि सत्य नै हुन्छ, चाहे यसलाई छोप्न हजारौं भ्रूठ किन न बोलेको होस् । हाम्रो धर्मशास्त्रले भने अनुसार सत्य कहिले पनि हार्दैन । हामी मानवले यस्तै सत्यधर्मको बाटो अपनाउँदा दानवले जहिले पनि सत्यलाई परास्त गर्न खोजेका थिए तर सकेनन् । राम चौदह वर्षको वनवासका बेला सीतालाई रावणले हरेर लगे, जो ठूलो पाप थियो । त्यस्तै बालिले सुग्रीवकी पत्नीलाई रखैलको रुपमा प्रयोग गर्दा पनि पापै अर्थात दुष्कर्मै थियो ।

रावण दानवीय प्रवृतिका थिए । उनीसंग हाथहथियार, सेना, परिवार, जनता सबै साथ थिए तर रामसंग न हाथहथियार थिए न सेना । बाँदरीय सेनाबाट पूरै सोनाको लंकालाई ध्वस्त बनाइ दिए । कारण रामसंग धर्म र सत्यको बल थियो तर रावणसंग हत्या, हिंसा, बलत्कार, आत्तायी प्रकृतिका रहेका हुनाले उनलाई हारको सामना गर्नुपऱ्यो । यसबाट हामी के शिक्षा पाउँछौं भने प्रत्येक घरको महिला एउटी अवला नारी होइन ।

पुरूष र महिलाको बीचमा केहि सन्तानोत्पादनका अंग बाहेक अरू समान हुन्छन् । वहाँ त सृष्टि सृजना गर्ने आमा हुन् । वहाँलाई सत् सत् प्रणाम । यस्ता वडादशैं सबैका लागि शुभ होस् भने माँदुर्गा संग प्रार्थना गर्दै म आफ्नो कलम यहीं बन्द गर्दछु ।

# बाढी, पहिरो प्रभावितको पीडा: "न बस्ने बासको ठेगान छ, न छ खाने गासको"

**राधिका बुढाथोकी**

पाँच जनाको परिवार खुसी थियो। दसैं मनाउन खर्च जुटाइसकेका थिए। तर दसैं आउनुअघि दशा बनेर आयो बाढीपहिरो। बाढीले धान खेत बगर बनायो। घरमा भएका सामान केही निकाल्न पाएनन्। पहिरोले घर ध्वस्त पाऱ्यो।

बाढीपहिरोले घरखेत सखाप पारेर सुकुम्बासी बनाए पनि परिश्रम गरेर पुरानै लयमा फर्किने हिम्मत जुटाउथे। पहिरोले बुढेसकालको साहारा लुट्यो। घर माथिबाट भरेको पहिरोले घर थिच्यो। घरले विनय कोइरालालाई किच्यो।

बचाऊ ! बचाऊ ! भनेर छोरोले हारगुहार गरेको आवाज बोधकुमार कोइराला र बिन्दा कार्कीको कानमा अहिले पनि तरङ्गिरहन्छ। हाँसिरहने छोरो आँखा अगाडि छाँया बनेर नाचिरहन्छ। छाँयामा छोरोलाई छुन खोज्दा पाउँदैनन्। झर्छन् आँशु, भक्कानो फुट्छ। यो कथामात्रै होइन, वास्तविक यथार्थ हो, सिन्धुलीको सुनकोसी गाउँपालिका-१ नेपालथोकका कोइराला परिवारको। यतिबेला यो परिवार शोकमा डुबेका छ। "माथ्लो घरले लगाएको पर्खाल खसेर मेरो घर डल्यो, घरले थिचेर छोरोको ज्यान गयो", आमा बिन्दाले भक्कानिँदै दुःखेसो गर्नुभयो, "हामीले तत्काल निकाल्न सकेनौं। प्रहरीले २४ घण्टापछि निकाल्दा शरीर गन्हाउन थालिसकेको थियो।"

बिन्दा र बोधकुमारका दुई छोरा थिए। जेठो सन्तान १२ वर्षीय विनयको १२ असोजमा पहिरोका कारण मृत्यु भयो। ज्वालादेवी सेकेन्डरी स्कुलमा कक्षा ६ मा पढ्दै गरेका विनय बितेपछि बिन्दा र बोधकुमारका काखमा कान्छो सन्तान विजय छन्। दुवैको काँधमा १० वर्षे विजयको पढाई र कपाल सेतै फूलेकी आमाको पालनपोषणको जिम्मेवारी छ।

साढे तीन रोपनीमा लगाएको धान थन्क्याउने बेला भएको थियो। बाढीले सबै धानबाली सखाप बनाएको छ। गाईसहित गोठमा भएका पशुबस्तु पुरिए। दुई आनामा ढुङ्गामाटोले बनाएको घरगोठसहितको जग्गा पहिरोले प्रयोग नै गर्न नमिल्ने गराएको छ। यतिबेला यो परिवारको न बस्ने बाँसको ठेगान छ, न छ खाने गाँसको।

"एउटा छोरो दैवले लगे पनि चार जना बाँचेका छौं। खान त बनिबुतो गरेर खाउँला। बस्ने बासको व्यवस्था गरिदिएहुन्थ्यो", बोधकुमारले भन्नुभयो। बाढी, पहिरोले घरगोठ रित्याएर विस्थापित भएका कोइराला परिवार हाल एक स्थानीयकै घरमा आश्रय लिएर बसेका छन्।

यही असोज १० र ११ गते परेको मुसलधारे वर्षाका कारण आएको बाढी, पहिरोमा परेर जिल्लामा तीन जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका अनुसार एक जनाको बाढीमा र दुई जनाको पहिरोमा परेर मृत्यु भएको हो। मृत्यु हुनेमा कमलामाई नगरपालिका-९ भिमानका ४६ वर्षीय कृष्णबहादुर बोगटी, सुनकोसी गाउँपालिका-१ नेपालथोकका १२ वर्षीय विनय कोइराला र सुनकोसी-२ गोखेनीका ४५ वर्षीय गणेश गुर्मछाने छन्।

सिन्धुलीमा भौतिक क्षतिको अवस्था भयानक छ। सुनकोसी-१ नेपालथोक, दुम्जामा भुपाल घिसिङले दुई वर्षअघि नमुना पेट्रोलपम्पको अवधारणमा रु २० करोड लगानी गरेर सञ्चालनमा ल्याउनुभएको नमोबुद्ध आयलस्टोर बाढीले बगायो। पाँच रोपनीमा पेट्रोल व्यवसाय सुरु गरेको एक दशक बिते पनि लगानी थप गरेर नमुना बनाएको दुई वर्ष बितेको थियो।

"जापानमा १२ वर्ष बगाएको पसिनाको पौरख शुक्रबार र शनिबार रोशी खोलामा आएको बाढीले बालुवामा मिलाइदियो। नगद पैसा पनि निकाल्न पाइन्। अघिल्लो दिनमात्रै तेल लोड गरेको थिए। त्यो तेलको तीन वटा ट्याङ्की, चार वटा मेसिनसहित आयलस्टोर, अफिस कोठा, शौचालय, क्याफे केही बाँकी राखेन, सबै बगायो", व्यवसायी घिसिङले भक्कानिँदै पीडा सुनाउनुभयो।

सुनकोसी गाउँपालिका-२ रम्तेल टोलीकी सीता सार्कीको यतिबेला रुबाबासी छ। वडा सदस्यसमेत रहेकी सीताको टोल नै पहिरोको जोखिममा छ। घर माथि र आँगन तलबाट पहिरो खसिरहेको छ। केही घरमा क्षति भइसकेको छ। "यो विपद्को बेलामा म एक्लै छु। दुई छोराबुहारी काठमाडौं छन्। बिहे गरेर दिएका छोरी आफ्नै घर छन्। आफू बसेको गाउँ नै पहिरोको चपेटामा छ। सुनकोसी नदीतिरको बस्ती बाढीले डुबाएको छ। अब म सुरक्षितसँग बस्न कहाँ जानु ?", पहिरो प्रभावित सीता सार्कीले दुःखेसो गर्नुभयो।

ठाउँठाउँमा खसेको पहिरो, खोला, खहरे र नदीमा आएको बाढीले गाउँबस्ती, बजार, होटल तथा रिसोर्ट, सडक, विद्यालय भवन, विद्युत् आयोजना, खानेपानीका आयोजना, ठूलासाना पक्की तथा झोलुङ्गे पुललगायत सरकारी वा गैरसरकारी भवनमा हानी गरेको छ। बस्दै आएको घर भत्काउँदा तथा बगाउँदा बाढी, पहिरो प्रभावित विचल्लित भएका छन्।

फिक्कल गाउँपालिकामा मात्रै तीन सय छ घरपरिवार बाढी, पहिरोका कारण प्रभावित छन्। उपाध्यक्ष राजु बरालका अनुसार पहिरोका कारण वडा नं ३ पोखरीमा ६० घर, वडा नं २ खोलागाउँमा २९ घर, वडा नं ४ खाङ्साङमा ६२ घर, वडा नं. ५ सोल्पाठानामा ७५ घर, वडा नं ६ रत्नावतीमा ७९ र वडा नं १ महादेवडाँडामा एक घरपरिवार पहिरोबाट प्रभावित छन्।

छ सय ४६ रोपनीमा किसानले लगाएको धानबालीमा क्षति छ। एक सय २० रोपनी खेतीयोग्य जमिन कटान भएको छ। पाँच सय २६ रोपनी जमिन पुरिएको छ। बाढीले कृषि तथा पशुपक्षीका पाँच वटा फर्म, सात वटा फलफूल बगैंचा बगाएको छ। बाढी, पहिरोले ५० वटा विद्युत्का खम्बामा क्षति गरेपछि असोज ११ गतेदेखि विद्युत् अवरुद्ध छ। विद्युत् अवरुद्ध हुँदा फिक्कल गाउँपालिकामा आठ हजार नागरिक एक सातादेखि अँध्यारोमा बस्न बाध्य छन्।

सुनकोसी नदीमा आएको बाढीले फिक्कलका पाँच वटा झोलुङ्गे पुलमा क्षति गर्दा ओखलढुङ्गासँगको सीधा सम्पर्क टुटेको छ। सुनकोसी नदीबाट लिफ्टिङ गरी खानेपानी तान्ने १५ वटा मोटर बगाउँदा पिउने पानीको समस्या भएको छ।

सुनकोसी र गोलञ्जोरमा बाढी, पहिरोले गरेको क्षति विवरण सङ्कलन भइरहेको छ। सुनकोसी गाउँपालिका उपाध्यक्ष कपिलकुमार कोइरालाका अनुसार पालिका र प्रहरीले क्षति विवरण सङ्कलन गरिरहेका छन्। हालसम्म सुनकोसी गढ्तीर क्षेत्र र आसपासमा बसोबास गरिरहेका दुई सय छ घरपरिवार बाढी, पहिरोका कारण विस्तापित भएको विवरण सङ्कलन भएको छ। घर पूर्ण रुपमा क्षति हुनुका साथै धानबाली भएको खेत बाढी, पहिरोले सखाप बनाएपछि विस्थापित भएका हुन्। यहाँ पनि खानेपानीको चरम समस्या छ।

सुनकोसी गाउँपालिका-५ मुल्कोट बजार क्षेत्रका मात्रै चार वटा रिसोर्ट, ३५ वटा होटललगायत विद्यालयको भवन र घरको पहिलो तल्ला बाढीको बालुवा माटोले पुरिएको स्थानीय व्यवसायी पुर्छमान श्रेष्ठले बताउनुभयो। उहाँका अुसार नदी किनारका अधिकांश संरचनाहरु बाढीले कटान गरेर बगाएको छ।

यता, गोलञ्जोर गाउँपालिका-७ खुर्कोट बजार क्षेत्रको अवस्था पनि उस्तै छ। गाउँपालिकाका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपाने (पुकार) का अनुसार यहाँ मात्रै ३५ घरका ६० परिवार विस्थापित भएका छन्। बाढीले विस्थापित भएका परिवार बजार क्षेत्रमा व्यापार, व्यवसाय गरेर बसेका थिए।

सुनकोसी नदीमा आएको बाढीले गोलञ्जोर-६ मा ११ वटा घर पूर्ण रुपमा क्षति भएको वडाध्यक्ष रविनकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार वडा कार्यालयको दुई वटा भवन, विद्यालयको भवन, ऱ्याफ्टिङसहित सरकारी भवन १४ वटा, तीन वटा मन्दिर र दुई वटा पार्टीमा क्षति भएको छ। हैवारदेखि बलेनीसम्मको लिफ्टिङ खानेपानीको नौ वटा इनार बगाउँदा तीन सय घरधुरीलाई खानेपानीको समस्या भएको छ।

विपद्को यो दुःख घडीमा नागरिकको प्रतिरक्षा गर्न स्थानीय तहको स्रोतसाधनले मात्रै नभ्याउने गोलञ्जोर गाउँपालिका उपाध्यक्ष न्यौपानेले बताउनुभयो। बाढी, पहिरो प्रभावितको जीवनस्तरलाई पुरानै लयमा फर्काउन प्रदेश र सङ्घीय सरकारको भूमिका विशेष हुन आवश्यक रहेको उहाँको भनाइ छ। गैरसरकारी सङ्घसंस्थालाई पनि यो विपद् को दुःखद् घडीमा सकेको सहयोग गर्न उहाँको अनुरोध छ।

बाढी, पहिरोले पारेको क्षति र प्रभावितको अवस्था बुझ्न बाढी, पहिरो प्रभावित क्षेत्र पुगुभएकी जिल्ला समन्वय समिति, सिन्धुली उपप्रमुख शान्ता कार्कीले आआफ्नो ठाउँबाट सकेको सहयोग गर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "बाढी, पहिरोले सिन्धुलीका सबै पालिका प्रभावित छन्। बाली लगाएको खेतीयोग्य जमिन सखाप भएको छ। सयौं घरपरिवार विस्तापित छन्। बाढी, पहिरो प्रभावितको यतिबेला विचल्ली भएको छ। खानेपानीको समस्या बढेको छ। यो दुःखद् घडीमा प्रदेश, सङ्घ र स्थानीय तह, गैरसरकारी सङ्घसंस्थालाई सहयोग गर्न आह्वान गर्दछु।"

विपद्ले विचल्ली बनाएको अवस्थामा पनि सरकार भएको अनुभूति गर्न नसकिएको बाढी, पहिरो प्रभावितको गुनासोसँगै आक्रोश पनि छ। यहाँका स्थानीय सरकार, सुरक्षा निकाय र गैरसरकारी सङ्घसंस्थाले आआफ्नो ठाउँबाट सकेको सहयोग गरिरहेका छन्। यद्यपि, स्रोत साधनको अभाव हुनुका साथै कतिपय सेवा प्रवाह गर्ने निकाय आफैं बाढी, पहिरोबाट प्रताडित हुँदा नागरिकले आवश्यकताबमोजिमको सहयोग पाउन सकेका छैनन् ।रासस

# ‘लगानीमैत्री वातावरण बनाउन तीनै तहका सरकारले प्राथमिकता दिनुपर्छ’



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले लगानी मैत्री वातावरण निर्माण गर्ने जिम्मेवारी सरकारले लिने बताउनुभएको छ । रुपन्देही उद्योग सङ्घको ४६औँ वार्षिक साधारणसभालाई शनिबार बुटवलमा सम्बोधन गर्दै उहाँले लगानीमैत्री वातावरण बनाउन तीन तहकै सरकारले उच्च प्राथमिता दिनुपर्छ भन्नुभयो । उहाँले प्रदेश सरकारले अगाडि बढाएका औद्योगिक क्षेत्रको विकासको लागि योजनाबद्ध काम हुने समेत स्पष्ट पार्नुभयो ।

लुम्बिनी प्रदेश सरकारले तराईका केही जिल्लामा औद्योगिक क्षेत्र बनाउने निर्णयलाई कार्यान्वयन गर्नेगरी काम अघि बढ्ने जानकारी दिँदै उहाँले उद्योगी, व्यवसायीको उत्साहसंग प्रदेशको समग्र विकासको सम्वन्ध जोडिएको छ भन्नुभयो । मुख्यमन्त्री आचार्यले सरकारले उद्योगी मैत्री नीति अलवम्बन गरेको बताउनुभयो ।

“जवसम्म उद्योगी, व्यवसायीले निर्विवाद ढंगले उत्साहित बनाएर सरकार अघि बढ्न सक्दैन, तव सम्म मुलुकको पनि उन्नती हुन सक्दैन । प्रदेशको पनि विकास हुन सक्दैन । विकास गर्नेभनेकै नीजि क्षेत्रले हो”, मुख्यमन्त्री आचार्यले भन्नुभयो,“सरकारले लगानीको वातावरण बनाउँछ । लगानी गरेर विकास गर्ने भनेको नीजि क्षेत्रले हो ।”

मुख्यमन्त्री आचार्यले परनिर्भर होइन, आत्मनिर्भर हुन जरुरी रहेको जनाउँदै उत्पादनको क्षेत्रमा लगानी बढाउन उद्योगी, व्यवसायीलाई आग्रह गर्नुभयो । उहाँले स्थानीय उत्पादनलाई बढाउने र आयात भन्दा निर्यातमा जोड दिन जरुरी रहेको र स्वदेशी उत्पादनलाई बढाउन सरकारले पनि साथ दिने स्पष्ट पार्नुभयो ।

प्रदेश सरकारले बनाएका कानुनबाट उद्योग र व्यवसायका क्षेत्रमा काम गर्न सन्दर्भमा कुनै समस्या परेको भए त्यसलाई सहजीकरण गरेर, त्यो कानुनलाई संशोधन गरेर उद्योगीमैत्री बनाउनको निमित्त प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री आचार्यले जानकारी दिनुभयो । सो अवसरमा उहाँले उद्योगी, व्यसायीको सुझावलाई सरकारले सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# विपद्को सामना गर्न क्षमता विस्तारमा जोड

भक्तपुर । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विभिन्न विपद्को जोखिमसंग सामना गर्नसक्ने संस्थागत क्षमता स्थापना गर्न आवश्यक रहेको बताउनुभएको छ । नेपाली कांग्रेस मध्यपुरथिमि नगर समितिद्वारा शनिबार आयोजित कार्यक्रममा उहाँले विपत्तिसँग जुध्ने संस्थागत क्षमता विकास गर्न तीनै तहका सरकारको ध्यान जानुपर्छ भन्नुभयो ।

पटक पटकको विनाशकारी भूकम्प, हालैको बाढीपहिरो र डुबान जस्ता विपद्ले पाठ सिकाएको जनाउँदै उहाँले भन्नुभयो, “ भनेर प्रकृतिले भनिरहेको छ, प्रकृतिसँग जुधेर होइन मिलेर प्रकृतिको विनाश नगरी विकास गर्नुपर्छ ।” उहाँले सबैले आलोपालो सरकारमा बस्दै आएकाले दोष दिनेभन्दा निकास निकाल्नेबारे अगाडि बढ्नु पर्ने औँल्याउनुभयो ।

कांग्रेस जिल्ला अध्यक्ष दुर्लथ थापाले विपद्मा सबैले जुटेर काम गर्न र जनताको सेवामा कांग्रेस अगाडि बढ्न आग्रह गर्नुभयो । कांग्रेस मध्यपुर नगर अध्यक्ष सभापति हरिदास प्रजापतिलगायतले मध्यपुर युवा रक्तदाता स्वयंसेवी मध्यपुरथिमिले ‘म सेवा गर्छु’ भन्ने नाराका साथ बिरामीका लागि तत्काल आवश्यक पर्ने रगत उपलब्ध गराउने दुई सय २० भन्दा बढी सदस्य रहेको बताउनुभयो । रगत चाहिए रक्तदाता समाजलाई सम्झन पनि उहाँले आह्वान गर्नुभयो ।रासस

## स्थानीय सरकार प्रमुख भन्छन् :

# सडक, खानेपानी, विद्युतलाई प्राथमिकतामा राखेका छौँ

**बाढी प्रभावित क्षेत्रमा सडकको पहुँच स्थापित नभएसम्म केही नहुँदो रहेछ । विद्युत्को ट्रान्सफर्मर ढुवानी, ढलेका पोल फेर्न बाटो नभई बोकेर लैजान सकिएन । त्यसकारण पहिले बिपी राजमार्ग र त्यसपछि पालिका जाने भित्री सडक दसैँअघि नै जसरी पनि सञ्चालन गरौँ भनेर अघि बढेका छौँ ।**

काठमाण्डु । बाढीपहिरोका घटनाबाट प्रभावित क्षेत्रका अवरुद्ध सडक खुलाउने, क्षतिग्रस्त खानेपानीका मुहान मर्मत गर्ने, विच्छेद भएको विद्युत् आपूर्ति सञ्चालन गर्नेलगायत कार्यलाई स्थानीय सरकार हरूले प्राथमिकतामा राखेका छन् ।

यस पटक बाढीपहिरोबाट बढी प्रभावित काभ्रे र सिन्धुलीका स्थानीय जनप्रतिनिधिले मुख्यतया बिपी राजमार्ग र ग्रामीण भेगसँग जोडिने अवरुद्ध सडक मर्मत गरेर जनतासँग पहुँच स्थापित, विद्युत्का ढलेका पोल मर्मतसम्भार गर्ने तथा क्षतिग्रस्त खानेपानीका मुहान सफा गरी पानी वितरणजस्ता आधारभूत सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राखेको प्रतिक्रिया दिनुभयो ।

बाढी प्रभावित क्षेत्रमा भएका क्षति तथा राहत र पुनःनिर्माणका विषयमा केन्द्रित रही राससका प्रतिनिधिले राखेको जिज्ञासा उहाँहरूले आ-आफनो क्षेत्रमा मानवीय तथा भौतिक पूर्वाधारमा भएका क्षतिको विवरण सङ्कलन तथा राहत वितरणलगायतका प्राथमिकताबारे व्यक्त गर्नुभएको धारणाको सम्पादित अंशः



**सडक पहुँच पहिलो प्रथमिकतामा राखेको छु : दिनेश लामा, अध्यक्ष रोशी गाँउपालिका**

मुख्यतया बिपी राजमार्ग र ग्रामीण भेगसँग जोडिने अवरुद्ध सडकमा यातायात पहुँच स्थापित, ढलेका विद्युत् पोलको मर्मतसम्भार, क्षतिग्रस्त खानेपानीका मुहान सफा गरी पानी वितरण कार्यलाई पहिलो प्राथमिकतामा राखेर काम सुरु गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा सडकको पहुँच स्थापित नभएसम्म केही नहुँदो रहेछ । विद्युत्को ट्रान्सफर्मर ढुवानी, ढलेका पोल फेर्न बाटो नभई बोकेर लैजान सकिएन । त्यसकारण पहिले बिपी राजमार्ग र त्यसपछि पालिका जाने भित्री सडक दसैँअघि नै जसरी पनि सञ्चालन गरौँ भनेर अघि बढेका छौँ । बाढीपहिरोमा रोशी गाउँपालिका मात्रै १२ को मृत्यु भएको छ ।

भौतिक पूर्वाधारतर्फ दश शय्याको अस्पताल, पक्की र झोलुङ्गे पुल बगेका छन्भने औद्योगिक ग्रामको प्रशासनिक भवन पूर्ण रुपमा क्षति भएको छ । त्यहाँको भर्खरै तयार भएको चिस्यान केन्द्र पनि बाढीले बगाएको छ । तामाङ समुदायको जीवन्त झल्कने रोशीको तटीय क्षेत्रमा रहको डम्फु सङ्ग्रहालय र पार्क पनि बगेको छ ।

बाढी र पहिरोबाट पालिकाभित्र १२ वटा विद्यालय भवनमा क्षति पुगेको छ । एक दर्जन पक्कीसहित करिब ३०० घर पूर्ण क्षति भएका छन् । रोशी खोलाभित्रका धान उत्पादनमा मुलुकमै कहलिएका फाँटमा बढी पसेर सखाप भएको छ । बारीका कान्ला भत्किएर भित्र्याउन ठिक्क परेका मकैमा नोक्सानी पुगेको छ । रोशीलगायत खोला र खहरले धानबालीमा पुऱ्याएको क्षतिको आंकलन गर्न सकिने अवस्था नै छैन । एउटै व्यक्तिकै १५ रोपनीसम्म खेत रोशीले कटान गरेको छ, पुरेको छ ।

निजी सम्पत्ति र सडक बाहेक सार्वजनिक सम्पतिको क्षति मात्रै पनि अर्बौं मूल्य बराबरको छ । राजमार्ग छाडेर अस्पताल, औद्योगिकग्राम, डम्फु पार्कमा भएको नोक्सानी जोड्दा अर्बको क्षति अनुमान गर्न सकिन्छ । निजी सम्पत्ति पनि सोही हाराहारीमा नोक्सानी भएको छ ।

प्राकृतिक विपद्पछि आउँदै गरेका दसैँलगायत चाडबाड यस पटक खल्लो हुने भएको छ । कतिपय स्थानमा चामलसमेत पुऱ्याउन सकिएलाजस्तो लाग्दैन । तथापि कोसिस भने जारी छ । तुलनात्मक रुपमा बाढीले फलामे साँगु, नारायणटार र नार्केमा बढी तहसनहस बनाएको छ ।

**कृषिमा क्षेत्रमा भएको क्षतिमा ध्यान केन्द्रित गर्छौं : दीपा दहाल (बोहरा), अध्यक्ष, सुनकोशी**

बाढीपहिरोपछिको अवस्था निकै जटिल छ । स्थानीय तह र सङ्घसंस्थाबाट पीडित परिवारलाई राहत पुऱ्याउने काम तदारुकताका साथ भइरहेका छन् । विपद्मा स्थानीय तह र ती संस्था सारथी भएर जनताका घरदैलोमा पुगेका छन् । छिमेकी पालिका कमलामाई, दुधौली र मरिणले केही आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गरिसकेका छन् ।

रेडक्रस, रिलिफ र वर्डभिनका प्रतिनिधिले प्रभावित क्षेत्रमा पुगेर सहयोग गरिरहनुभएको छ । उहाँहरूमध्ये कसैले खानेपानी, कसैले स्वास्थ्य, कसैले आवासमा सहयोग पुऱ्याउनुभएको छ । अप्ठेरोमा परेका व्यक्ति र समाजका लागि कुनै न कुनै माध्यमबाट सहयोग पुऱ्याउन स्थानीय सरकार प्रदेश र सङ्घ सहकार्य गर्दै अगाडि बढेको छ । साथै त्यसका लागि सङ्घ र प्रदेश सरकारबाटै शीघ्र सहयोग, समन्वय र योजनाको अपेक्षा गरिएको छ ।

बाढीबाट क्षतिग्रस्त जग्गाजमिन, घरजग्गा, खेतीबाली, पुलपुलेसा, खानेपानी, सडकमा बढी क्षति पुगेको छ । गड्तिर भेगका कैयौँ फाँटमा बाढी पसेर बाली नष्ट भएको छ । माटो थुप्रिएका ठाउँमा केही समयपछि त्यसलाई सम्याएर उब्जाउ गर्न सकिएला तर बगाएर लगेका स्थानमा भने गम्भीर समस्या हुन्छ । स्थानीय तहका सबै पदाधिकारी बसेर अब कसरी अघि बढ्ने भनी छलफल भइरहेको छ । सङ्घीय र प्रदेश सरकारले कृषिमा नै बढी ध्यान दिएर अघि बढ्नुपर्छ भन्ने हाम्रो माग छ ।

यस विपद्बाट सुनकोशी गाउँपालिकामा तीन अर्ब नौ करोड मूल्य बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ । मानवीयसँगै बाटो, बाली, विद्युत् र खानेपानीमा बढी क्षति भएको छ । पालिकाभित्र १३ वटा विद्यालयमा पूर्णरुपमा क्षति भएका छन् । दसैँ लगत्तै कसरी विद्यालय सञ्चालनमा ल्याउने भन्ने अहिले गम्भीर प्रश्न उठेको छ । यो ठूलो समस्या हो ।

बाढीले मुहान बगापछि गाउँमा खानेपानीको गम्भीर समस्या देखिएको छभने बाटो पनि त्यस्तै छ । रोग र महामारीको डर र भय पनि उत्तीकै छ । बाढीले गाउँपालिकाभित्रका ३७ वटा लिफ्टिङ खानेपानी आयोजनामा क्षति पुऱ्याएको छ । मुहान सफा गरी पानी वितरण गरिए पनि उपलब्ध पानी गुणस्तरीय र शुद्धताको प्रश्न रहन्छ । यस पटक दसैँलगायत चाडपर्व अघिल्ला वर्षजस्तै हर्षोल्लास नभई खल्लो हुने स्वतः पूर्वानुमान गर्न सकिन्छ ।

बाढीसँगैको लेदो माटो पन्छाउन निकै समस्या भइरहेको छ । प्रभावित भेगमा शौचालय जाने पानी छैन । हामीले पहिला सडकको पहुँच स्थापित गर्ने, खानेपानी आपूर्ति गर्ने, विद्युत् सञ्चालनको कामलाई एकैसाथ लिएर जानेगरी प्राथमिकता निर्धारण गरिएका छौँ । विद्युत् प्राधिकरणले यस क्षेत्रमा द्रूत गतिमा काम गरिरहेको छ । केही दिनमै अब विद्युत् आपूर्ति हुन सक्छ ।

सुनकोशी गाउँपालिकाभित्र १०६ घरमा बाढीपहिरोले नोक्सानी पुऱ्याएको छ । स्थानीय तहले १० वर्षसम्म भित्र आधारभूत रुपमा सबै काम सम्पन्न गर्ने कार्यतालिका निर्धारण गरेको थियो । तर यस पटकको बाढीले त्यो योजना चकनाचुर बनाइदियो । फेरि शून्यदेखि सुरु गर्नुपर्ने अवस्था आएको छ ।

**बिपी राजमार्ग फेरि नयाँ बनाउनुपर्ने भयो : शङ्करराज बराल अध्यक्ष, गोलञ्जोर गाउँपालिका**

खुर्कोट बजारमा सुनकोशी बाढी पसेर ३५ भन्दा बढी घर र पसल डुबान परे । पुरिएका भौतिक संरचनाभित्र र वरपरको बालुवा हटाउने र घर सफा गर्ने कार्य स्थानीय तह तथा नेपाल प्रहरी खटिरहेको भइरहेका छन् । बाढीले बगाएको सुनकोशीको पुलको स्थानमा बेलिबृज जडानका लागि नेपाली सेनाबाट अध्ययन भइरहेको छ । पहिलो चरणको तत्कालीन मानवीय सहायता करिब ८५ घरपरिवारलाई वितरण गरियो । पुरिएर नोक्सानी भएका धान खेत सम्याउने र मिलाउने काम स्थानीय सरकारबाट हुनुपर्छ भन्ने जनताको माग छ । जनअपेक्षाअनुरुप नै त्यो काम गर्ने प्रतिबद्धता स्थानीय तहले जनाएका छन् ।

सुनकोशीबाट खानेपानी र सिँचाइका लागि लिफ्ट गरिएका आयोजनामा बाढीले ठूलो क्षति पुऱ्याएको छ । त्यसको सरसफाइ र मर्मत कार्यमा तत्काल केही समस्या भएको छ । विकल्पका रुपमा पाइपको व्यवस्थापन गरी अघि बढ्ने प्रक्रिया भने सुरु भइसकेको छ । बाढीले गाउँपालिकाभित्रका १६ भन्दा बढी लिफ्ट आयोजनामा नोक्सानी पुऱ्याएको छ । त्यसबाट खुर्कोटको बजार क्षेत्र, हैवारबेँसी, बलेनीलगायत क्षेत्र खानेपानीबाट बढी प्रभावित छन् ।

यस पटकको विपद्बाट पालिकाभित्र गड्तिर भेगका करिब ८५ घर क्षति भएको प्रभारम्भिक तथ्याङ्क आएको छ । बाढीबाट गड्तिर भेग मात्र नभई महाभारत क्षेत्रका घरहरू पनि जोखिममा छन् । अलिकति पानी पर्ने बित्तिकै घर लड्ने, बग्ने र पहिरोमा पर्ने सम्भावना निकै ठूलो छ । त्यस्ता सङ्कटउन्मुख घरको स८्या डेढ समय माथि रहेका छन् ।

बाढीबाट बढी प्रभावित खुर्कोट बजारमा व्यपार-व्यवसाय गर्ने व्यक्ति स्थानीय नभई अन्य जिल्लाका भएकाले उहाँहरूलाई हामीले तीन दिन मेस चलाएर खाना खुवाइयो । पहिलो चरणको राहत पाएपछि उहाँहरू आफ्ना स्थायी बसोबास भएको ठाउँमा फर्कनुभयो । बाँकी रहेका व्यक्ति पनि बजार वरपर रहेका आफ्ना पुराना घर सफा सुग्घर गर्दै हुनुहुन्छ । यस पटकको दसैँ त्यही पुरानै घरमा मनाउनेजस्तो देखिएको छ ।

भौतिक पूर्वाधारका क्षेत्रमा बढी नोक्सान भनेको खुर्कोट बजार नै हो । दसैँ नजिक बाढी आएकाले व्यापारीले धेरै सामान खरिद गरेर राखेका थिए । त्यसमा ठूलो नोक्सानी भयो । डुबानमा परेका घर बस्न योग्य छैनन् । बढीपहिरोबाट पालिका भित्रका खेतमा लगाएको धानबाली पुरिएर नोक्सानी भएको छ । धानबाली नै खतम भएकाले वर्षभर के खाने भन्ने किसानलाई चिन्ता छ । खेत सफा गर्दिएर अर्को बालीनाली लगाउने वातावरण बनाउने र यातायात सञ्चालन गर्नुपर्ने चुनौती छ ।

अर्कातर्फ बिपी राजमार्ग फेरि नयाँ बनाउनुपर्ने गरी भत्किएको छ । अहिले तत्कालका लागि मध्यपहाडी सडक आयोजनाको सहयोगमा अहोरात्र खटिएर साना गाडी छिचोल्ने ढङ्गबाट मात्र राजमार्ग सञ्चालनमा ल्याइएको छ ।रासस

# अब हुने सबै चुनावमा माओवादी केन्द्रले एक्लै प्रतिस्पर्धा गर्ने अध्यक्ष दाहालको उद्घोष

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी उपनिर्वाचन र २०८४ को निर्वाचनमा आफ्नो पार्टीले सबै तहमा एकल उम्मेदवारी दिएर प्रतिष्पर्धा गर्ने उद्घोष गर्नुभएको छ ।

नेकपा माओवादी केन्द्र दोलखा - काठमाडौं सम्पर्क- समन्वय समितिले शनिबार आयोजना गरेको छलफलमा उहाँले विगतमा कांग्रेस र एमालेसँग गठबन्धन गरेर चुनाव लड्दा माओवादीको पहिचान कमजोर भएको बताउनुभयो । उहाँले अब एकल प्रतिस्पर्धामा जाने गरी पार्टीले तयारी थालेको र त्यसको आरम्भ आगामी मङ्सिरमा हुने उपनिर्वाचनबाट गरिने बताउनुभयो ।



आफ्नो पार्टीले सरकारमा रहँदा सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा थालेको अभियानप्रति जनतामा नयाँ आशा र आकर्षण पैदा भएको उल्लेख गर्दै उहाँले आगामी निर्वाचनमा एक्लै विजयी हुनेगरी अभियान थाल्ने बताउनुभयो । जनताले माओवादीप्रति देखाएको आशा र आकर्षणलाई सङ्गठन निर्माण र जनलपरिचालनसँग जोडेर आगामी निर्वाचन एक्लै जित्ने वातावरण बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ ।

हालैको अविरल वर्षाका कारण उत्पन्न सङ्कट समाधानका लागि आफ्नो पार्टीले महत्वपूर्ण पहलकदमी लिएको जानकारी दिँदै उहाँले जनताको सेवा गर्न सरकारमा रहने वा नरहने कुराले अर्थ नराख्ने उल्लेख गर्दै उहाँले प्राकृतिक विपत्तिको घडीमा आफ्नो पार्टीले अग्रपङ्क्तिमा रहेर काम गरिरहेको बताउनुभयो ।

समस्यामा परेका जनताको सेवा गर्ने कार्यक्रम बनाउन नेता कार्यकर्ताहरुलाई आग्रह गर्दै अध्यक्ष दाहालले अहिले धेरै बुद्धिजीवी र अन्य दलका नेता कार्यकर्ताहरुले पनि जनताको अधिकार अझ सुदृढ गर्न माओवादी नेतृत्व अगाडि आउनुपर्छ भन्ने आग्रह गरिरहेका बताउनुभयो । उहाँले मुलुक र जनताको नेतृत्व गर्नु भनेको प्रधानमन्त्री हुनु मात्र होइन, जनताका साथमा रहेर उनीहरूको हितका निम्ति आन्दोलनको नेतृत्व गर्नु पनि हो भन्नुभयो ।

जनताप्रतिको निष्ठाका कारण पार्टी नेतृत्वमा आत्मविश्वास पैदा हुँदै गएका, भूकम्पका बेलामा होस् वा संविधान निर्माण र कार्यान्वयन, सत्तापक्ष र विपक्षको आँखाले नहेरी राष्ट्र र जनतालाई केन्द्रमा राखेर माओवादी केन्द्रले काम गरिरहेको जनताले बुझेका बताउनुभयो ।

अन्तरराष्ट्रिय जगतमा पनि आफ्नो पार्टीको गरिमा बढेको भन्दै उहाँले मुलुकको कूटनीति कुशलतापूर्वक सञ्चालन गरेको तथा त्यस क्रममा राष्ट्रसङ्घीय खाद्य सम्मेलन, संयुक्त राष्ट्रसङ्घको ७८ औँ महासभा र जलवायु सम्मेलनमा सहभागी भएर पार्टी र देशको गौरव बढाएको बताउनुभयो । भारत र चीनसँगको सन्तुलित कूटनीतिका कारण माओवादी केन्द्र र यसको नेतृत्व विश्वसमुदायमाझ स्थापित भएको दाबी उहाँले गर्नुभयो । रासस

# ‘विपद्पश्चात् सङ्क्रमणजन्य रोग फैलिएको सूचना आएको छैन’

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशका कुनै पनि ठाउँबाट विपद्पश्चात् महामारीजन्य रोग फैलिएको जानकारीमा नआएको बताएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले आजको मितिसम्म रोग फैलिएकोबारे मान्त्रालयमा कुनै जानकारी नआएको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले पखालालगायत हैजाजस्ता कीटजन्य तथा पानीजन्य रोगहरू एकै ठाउँमा धेरै जनालाई सङ्क्रमण भएको देखिए जानकारी गराउन भनेका छौँ । हालसम्म त्यस्तो खबर आएको छैन ।”



अघिल्लो साता देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढीपहिरो, डुबानलगायत विपद्का कारण जनधनको क्षति भएको छ । विपद्ले पानीका स्रोतहरू प्रदूषित हुने हुँदा महामारीजन्य रोगको सम्भावना अधिक रहने र यस्तो अवस्थामा सबैले सतर्कता अपनाउन जरुरी रहेको प्रवक्ता डा बुढाथोकीको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख कन्सल्ट्यान्ट फिजिसियन डा विमल चालिसेले विपद्पश्चात् एकैपटक महामारीजन्य रोग फैलिएर हालसम्म कोही पनि बिरामी नआएको बताउनुभयो । “विपद् पश्चात् महामारीजन्य रोगबाट सङ्क्रमित बिरामीहरू यहाँ आउनुभएको छैन यद्यपि महामारीजन्य रोग बढ्न सक्नेतर्फ सचेत रहँदै उपचारका लागि तयारीमा रहेका छौँ”, उहाँले भन्नुभयो, “विपद्पछि पानीजन्य तथा कीटजन्य रोगहरू बढ्ने हुन्छ । खानेपानीको स्रोत दूषित हुँदा पखाला, हेपाटाइटिस र स्क्रब टाइफसको सङ्क्रमण हुने सम्भावना रहन्छ । त्यसकारण यस्तो बेला उच्च सतर्कता आवश्यक हुन्छ ।”

साथै लामखुट्टेको टोकाइ, सर्पदंशको घटना पनि बढ्ने सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने, खानेपानीको शुद्धता ख्याल गरेर प्रयोग गर्ने, तरकारीलगायत फलफूलहरू राम्ररी सफा गरेर मात्र प्रयोग गर्नेबारे सबैले ध्यान दिनुपर्नेमा डा चालिसेको जोड छ ।

हाल स्वास्थ्य मन्त्रालयले विपद् प्रभावित, घाइतेहरू र जनघनत्व बढी भएका क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको जनाएको छ । धेरै ठाउँमा स्वास्थ्य संस्थाहरू आंशिक तथा पूर्ण रूपमा क्षति भएकाले टेन्ट राखेर भए पनि उपचार दिइरहेको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “मन्त्रालयले पालिका तथा प्रादेशिक तहसँग मिलेर विभिन्न ठाउँमा स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेका छौँ । जनघनत्व तथा बढी विपद् प्रभावित क्षेत्र काभ्रे, सिन्धुली, पनौतीमा शिविर सञ्चालन भइरहेका छन् ।”

डा बुढाथोकीले महामारीजन्य रोगहरू सम्भाव्य जोखिम आकलन गरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा चिकित्सक तथा स्वास्थ्यकर्मीलाई यी रोगबारे जानकारी दिएर सोहीअनुसार सावधानी अपनाएर उपचार र जनचेतना फैलाउन भनिएको बताउनुभयो । विपद् प्रभावित क्षेत्रबाट करिब छ सय जनाले बहिरङ्ग उपचार सेवा लिएको जानकारी दिनुहुँदै प्रवक्ता डा बुढाथोकी भन्नुहुन्छ, “उपचार गराउनुपर्ने घाइतेहरू अझै बढ्ने देखिन्छ । धेरैलाई निःशुल्क उपचार भइरहेको जानकारी नहुन पनि सक्छ, त्यसैले पनि हाल धेरैजना स्वास्थ्य संस्थासम्म आउन सकेका छैनन् । स्वास्थ्य शिविर सञ्चालन भइरहेका छन् । उपचारबारे थाहा हुनेले चिनेजानेकालाई जानकारी गराउन सक्नुहुन्छ ।”रासस

## छोरीहरू जोगाउन म लडाकुहरूबाट बलात्कृत हुन तयार भएँ :

# युद्धग्रस्त सुडानकी एक महिला

बीबीसी

काठमाण्डु । सुडान बर्बादीको सङ्घारमा छ।सत्र महिनादेखि गृहयुद्धमा रहेका दुई विपक्षी समूहबीच अवस्थित चर्को गर्मी र धुलाम्ये सीमा विन्दुमा एउटा बाँध फुट्न पुग्यो।म चार घण्टा हिँडेर ओम्दुर्मानको पुछारमा रहेको सेना नियन्त्रित बजारमा किनमेलका लागि आएका महिलाहरूको समूहसँग कुरा गर्दै थिएँ। यो ठाउँ राजधानीकै हिस्सा हो र यहाँ खानेकुरा सस्तोमा पाइन्छ।



ती महिलाहरू दार ए सलामबाट आएका थिए। उक्त क्षेत्र विपक्षी पारामिलिटरी र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ) को नियन्त्रणमा छ। उनीहरूकाअनुसार आर एसएफका लडाकुले कुटपिट तथा लुटपाट गर्नुका साथै रकम दिएपछि मात्रै छाड्ने गरी बन्धक बनाउने गरेकाले तिनीहरूका श्रीमानहरू आजकल घरमा बस्दैनन्। “हामीलाई यो कठिनाइ सहन गाह्रो परेको छ। हामी हाम्रा केटाकेटीलाई खाना खुवाउन चाहन्छौँ। हामी भोका छौँ, हामीलाई खाना चाहिएको छ,“ तीमध्ये एउटीले भनिन्। अनि मैले ती महिलाहरूलाई सोधेँ, के महिलाहरू पुरुषभन्दा सुरक्षित छन्? बलात्कारबारे के भन्नुहुन्छ?

एकैसाथ गुञ्जिइरहेका स्वरहरू मत्थर हुन पुगे।केही बेरको मौनतापछि एउटा स्वर सुनियो।“यहाँ भएकामध्ये धेरैजना हिंसामा परेका छन्। तर उनीहरू यसबारे कुरा गर्दैनन्,“ उनको बोलीसँगै गालामा आँसु बगरिरहेको थियो, “आखिर यसले के नै पो फरक पर्छ र?““केही केटीहरूलाई आर एसएफले राती बाटैमा सुत्न बाध्य पार्छन्,“ उनी बोल्दै गइन्, “उनीहरू बजारबाट ढिला गरी फर्किए भने आरएसएफले पाँच छ दिन आफूसँगै राख्छन्।“

उनी बोलिरहँदा उनकी आमा टाउकामा हात लगाएर सुस्केरा काढ्दै थिइन् भने आसपासका अन्य महिलाहरू पनि सुँक्सुकाउन थालेका थिए।“तपाईंको ठाउँतिर तपाईंकी छोरी बाहिर निस्किइन् भने तपाईं यसै छाड्दिनुहुन्छ?,“ उनले सोधिन्, “खोज्न जानुहुन्न? हामी भन्नुस् त! के नै पो गर्न सक्छौँ? हाम्रो हातमा केही छैन। कसैलाई हाम्रो मतलब पनि छैन। संसार कहाँ छ? तपाईँ हामीलाई किन मद्दत गर्नुहुन्न?“

यो आवागमन विन्दु हताश र निराश संसारलाई चिहाउने झ्यालजस्तो थियो। सुडानको यात्रा गरेकाहरूले त्यहाँ अराजकता, लुटपाट र क्रूरताको शिकार बनेको बताउने गरेका छन्। संयुक्त राष्ट्र सङ्घका अनुसार द्वन्द्वका कारण एक करोडभन्दा धेरै सुडानी आफ्नो घर छोड्न बाध्य भएका छन्।तर यौनहिंसा यहाँ लामो समयदेखिको द्वन्द्वको विशेषता बनेको छ, जुन सुरुमा सेना र आरएसएफबीच सत्ता सङ्घर्षका रूपमा सुरु भएको थियो भने अचेल यसमा स्थानीय सशस्त्र समूह र छिमेकी देशहरूका लडाकुहरू पनि सामेल हुन थालेका छन्।

संयुक्त राष्ट्र सङ्घका उच्चायुक्त फोल्कर ट्यूर्कले सुडानमा बलात्कारलाई ’युद्धको हतियारका रूपमा प्रयोग गर्ने गरिएको’ बताएका छन्। हालै तथ्यको खोजीमा खटिएको संयुक्त राष्ट्र सङ्घको एउटा मिशनले सेनाका सदस्यहरूबाट बलात्कार र बलात्कारका धम्कीका धेरै घटनाहरू भएको प्रतिवेदन दिएको छ। त्यस्तै आरएसएफ र यसका सहयोगी मिलिसियाहरूले पनि ठूलो मात्रामा यौन हिंसा गरेको र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेको फेला पारेको छ।

एक जना महिलाले बीबीसीसँगको कुराकानीमा आरएसएफले आफूलाई बलात्कार गरेको आरोप लगाइन्।हामीले उनलाई शौक अल-हर भनिने ’हिट मार्केट’को चोकमा भेटेका थियौँ।युद्ध सुरु भएदेखि यो बजार ओम्दुर्मानस्थित मरुभूमिको सडकको बाँझो क्षेत्रमा फैलिएको छ। सस्तो भएकाले उक्त बजारले गरिबहरूलाई आकर्षित गर्छ। मिरिअम (वास्तविक नाम होइन) उनको भाइसँगै शरणको खोजीमा आफ्नो दार ए सलामस्थित घरबाट भागेकी थिइन्।

अहिले उनी एउटा चिया दोकानमा काम गर्छिन्। उनका अनुसार युद्धको सुरुवाततिका दुई हतियारधारी मानिसहरू उनको घरमा छिरे र उनका छोरीहरूलाई बलात्कार गर्ने प्रयास गरे। उनका छोरीहरूमध्ये एउटी १७ वर्षकी थिइन् भने अर्की १० वर्षकी थिइन्।

“मैले छोरीहरूलाई मेरो पछिल्तिर उभिइराख्न भनेँ र आरएसएफलाई भनेँः यदि तिमीहरू बलात्कार गर्न चाहन्छौ भने मलाई गर,“ उनले भनिन्।“उनीहरूले मलाई कुटे र लुगा फुकाल्न भने। मैले लुगा फुकाल्नुअघि छोरीहरूलाई त्यहाँबाट निस्कन भनेँ। उनीहरू अन्य केटाकेटीलाई लिएर बारबाट हाम्फाले। त्यसपछि उनीहरूमध्येका एकजना ममाथि आयो।

अन्तर्राष्ट्रिय जाँचकर्ताहरूसँग आर एसएफले यौन हिंसा र मानवअधिकार उल्लङ्घनका घटनालाई रोक्न आवश्यक सबै उपाय अपनाइएको बताएको छ।तर असङ्ख्य र निरन्तर रूपमा त्यस्ता घटनाहरू भइरहेका छन्। त्यस्ता क्षतिको दीर्घकालीन प्रभाव पर्ने देखिन्छ। लहरै उभिएका रूखको छायामा एउटा होचो स्टूलमा बसेकी फातिमा(वास्तविक नाम होइन)ले मसँगको कुराकानीमा आफू जुम्ल्याहा केटाकेटीलाई जन्म दिन ओम्दुर्मान आएको र यतै बस्ने योजना बनाएको बताइन्।

उनले बताएअनुसार उनको छिमेककी एक १५ वर्षीय बालिका पनि गर्भवती बनेकी छिन्। ती बालिका र उनकी सत्र वर्षीय दिदीलाई चारजना आरएसएफका सिपाहीहरूले बलात्कार गरेका थिए।उनका अनुसार किशोरीहरू चिच्याएको सुनेर ब्युँझिएका मानिसहरू के भएको रहेछ भनेर बुझ्न घर बाहिर आएका थिए, तर हतियारधारीहरूले तुरुन्त घर नफर्किए गोली हान्ने चेतावनी दिए।

भोलिपल्ट बिहान उनीहरूले शरीरमा यौनहिंसाका चिन्हसहितका किशोरीहरूलाई फेला पारे। तिनका दाइ घरकै एउटा कोठामा थुनिएका थिए।“युद्धको समयमा आरएसएफ आउनासाथ हामीले बलात्कारका कुराहरू सुन्न थाल्यौँ र छिट्टै हाम्रै छिमेकमा त्यस्तो भएको देख्न थाल्यौँ,“ फातिमाले भनिन्, “सुरुमा हामीले (प्रतिवेदनहरूका बारेमा) शंका गरेका थियौं तर हामीलाई केटीहरूलाई बलात्कार गर्ने आरएसएफ नै हो भन्ने थाहा छ।“

अन्य महिलाहरू आरएसएफ-नियन्त्रित क्षेत्रस्थित आफ्नो घर फर्कनका निम्ति जम्मा हुन थालेका छन्। उनीहरूका अनुसार अत्यन्तै गरिब भएका कारण मिरिअमले झैँ दार ए सलाम छोडेर नयाँ जीवन सुरु गर्न उनीहरू असमर्थ छन्।जहिलेसम्म यो युद्ध जारी रहन्छ, उनीहरूसँग त्यही भयावह स्थितितर्फ फर्कनुको विकल्प छैन।

## दीपेन्द्रसिंह ऐरी :

# आइसीसी टी-२० अलराउन्डरको शीर्ष २ मा यसरी पुगे




बीबीसी

काठमाण्डु । दीपेन्द्रसिंह ऐरी अहिले राष्ट्रिय क्रिकेट टोलीका प्रमुख खेलाडी हुन्। धैर्यपूर्ण ब्याटिङ, चुस्त अफ स्पिन बलिङ र छरितो फिल्डिङको सङ्गम एउटै खेलाडीमा भेटिनु अहिले राष्ट्रिय क्रिकेट टोलीका लागि उपहार बनिरहेको छ।

उनै दीपेन्द्रसिंह ऐरी अहिले अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसीसी) को टी-२० अन्तर ाष्ट्रिय अलराउन्डर वरीयतामा लामो फड्को मार्दै विश्वकै शीर्ष दोस्रो स्थानमा उक्लिएका छन्।

कुनै पनि नेपाली क्रिकेट खेलाडी वरीयताको शीर्ष २ मा पुगेको यो पहिलो पटक हो। उनीभन्दा अगाडि अहिले शीर्ष पहिलो स्थानमा इङ्ल्यान्डका लियाम लिभिङस्टोन छन्। लिभिङस्टोनको रेटिङ २५३ छ भने दीपेन्द्रको रेटिङ २३० छ। यसअघि ऐरी छैटौँ स्थानमा थिए। दीपेन्द्र यो उचाईमा पुग्नुको अर्थ के हुन्छ? यसले के कस्तो फाइदा पुग्न सक्छ?

### शीर्षताको अर्थ

राष्ट्रिय टोलीका पूर्व कप्तान विनोद दास भन्छन्, “व्यक्तिगत रूपमा खेलाडीको स्तर मापन त भइ नै हाल्यो, यसको अर्थ भनेको चाहिँ नेपाली खेलाडीहरू विश्वस्तरका खेलाडीसँगको प्रतिस्पर्धामा पनि अगाडि छन् भन्ने सन्देश फैलनु हो।”

दीपेन्द्र मात्र होइन, अहिले विश्व वरीयतामा चाहे त्यो टी-२० मा होस् वा एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा, नेपालका आधा दर्जनभन्दा बढी खेलाडीहरू उत्कृष्ट सयको सूचीभित्र छन्।जस्तै अलराउन्डरतर्फ कुशल मल्ल ४० औँ स्थानमा छन्। गुल्सन झा भने ११ स्थान फड्को मार्दै ५३औँ स्थानमा उक्लिएका छन्।

गुल्सनसँगै कप्तान रोहित पौडेल समान ५३औँ स्थानमा छन्। कुशल भुर्तेल ६०औँ स्थानमा छन् भने करन केसी यथावत ७१ औँ स्थानमा अडिएका छन्।राष्ट्रिय क्रिकेट टोलीमा नियमित रुपमा खेल्दै आएका दीपेन्द्रले विश्व वरीयताको सूचीमा आफूलाई क्रमशः सुधार गर्दै यो स्थानमा पुगेका हुन्।दुई वर्ष अगाडि उनी अलराउन्डरको सूचीमा ४४ औँ नम्बरमा थिए।

### सुधारिएका दीपेन्द्र

पछिल्लो वर्षमा अन्तर्राष्ट्रिय क्रिकेटमा उनले गरेका केही अभूतपूर्व प्रदर्शनपछि उनको चर्चा निकै चुलिँदै आएको देखिन्छ।जसमा दुई वटा टी-२० प्रतियोगितामा उनले एकै ओभरमा ६ छक्का हानेका थिए।गत वर्ष चीनको हान्चाउमा भएको एसियाली खेलकुदमा उनले मङ्गोलिया विरुद्ध ६ बलमा ६ छक्का हाने। त्यतिमात्र होइन सो खेलमा उनले ९ बलमा अर्धशतक ठोकेर टी-२० क्रिकेटमा कसैले तोड्नै नसक्ने कीर्तिमान आफ्नो नाममा लेखाएका थिए।

यद्यपि उनले त्यो बेला दुई ओभर गरि लगातार ६ छक्का प्रहार गरेका थिए। एसीसी प्रिमियर कपमा कतारविरुद्ध पनि त्यही इतिहास दोहोर्‍याएपछि त उनको प्रदर्शन र प्रतिभा संयोग मात्र होइन भन्ने थप पुष्टि भयो। ओमानको अल इमिरेट मैदानमा कतारका कामरन खानको बललाई उनले लगातार बाउन्डरी बाहिर हिर्काएका थिए।यस्तो कीर्तिमान बनाउने उनी विश्वका तेस्रो खेलाडी बने।

विनोद दास भन्छन्, “वरीयतामा सुधार हुँदा विश्वभरिका फ्रेञ्चाइज लिगमा दीपेन्द्र मात्र होइन, नेपाली खेलाडीहरूमाथि पनि चासो बढ्ने गर्छ। यसले खेलाडीहरूलाई व्यावसायिक प्रतिस्पर्धामा राम्रो मूल्य पाउनमा पनि मद्दत गर्नेछ।”

गत वर्षको भारतको चर्चित फ्रेञ्चाइज इन्डियन प्रिमियर लिग आइपीएलको टोलीले दीपेन्द्र माथि चासो देखाएको गाइँगुइँ सुनिएको थियो।सन्दीप लामिछानेपछि दीपेन्द्र नै विश्वको त्यो सबैभन्दा ठूलो लिग खेल्न पाउने अनुमान गरिएको थियो।तर अन्तिम समयमा त्यसले मूर्त रूप लिन सकेन।

### विश्वकपमा चाहि कस्तो प्रदर्शन?

दीपेन्द्र अहिले शीर्ष दुईमा पर्नुको कारण उनले अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न टी-२० विश्वकपमा गरेको प्रदर्शन पनि कारण ठानिएको छ।हुन त नेपालले खेलेको तीनवटै खेलमा जित हात पार्न सकेन। तर दक्षिण अफ्रिकासँगको १ रनको हार भने बिर्सनै नसकिने घटनाको रूपमा नेपाली क्रिकेट इतिहासमा लेखियो।

उक्त विश्वकपमा दीपेन्द्रले दक्षिण अफ्रिका विरुद्ध ४ ओभर बलिङ गरेर २१ रन दिँदै ३ विकेट लिएका थिए। ब्याटिङमा भने उनले ११ बल खेलेर ६ रन मात्र बनाउन सके। त्यस्तै बाङ्लादेशसँग प्रतिस्पर्धात्मक बनेको खेलमा उनले ३.३ ओभरमा २२ रन दिएर २ विकेट लिएका थिए। ब्याटिङ तर्फ ३१ बल खेलेर २५ रन बनाए।

अमेरिकाको टेक्ससमा खेलिएको नेदरल्यान्डस् विरुद्धको पहिलो खेलमा भने उनी जम्न सकेका थिएनन्।सो खेलमा दीपेन्द्रले ६ बल खेलेर १ रन मात्र जोड्न सकेका थिए भने बलिङमा २ ओभरमा ६ रन दिएर १ विकेट लिएका थिए।श्रीलङ्का विरुद्धको खेल भने वर्षाका कारण रद्द हुन पुगेको थियो।

### दीपेन्द्रको टी-२० प्रदर्शन

टी-२० मा ब्याटिङ तर्फ दीपेन्द्रले ७१ खेलमा ६३ इनिङ खेल्दै १८९५ रन बनाएका छन्। उनको स्ट्राइक रेट १४३.२७ छ। जसमा ११० अविजित रन उनको उच्च स्कोर हो।

बलिङतर्फ पनि ७१ खेलमा ४६ इनिङ खेल्दै उनले ४५ विकेट लिएका छन्। जसमा १८ रन दिएर ४ विकेट लिनु उनको सबभन्दा राम्रो प्रदर्शन हो।

दीपेन्द्र अहिले विश्व क्रिकेट लिग २ को लागि क्यानडामा खेल्दैछन् र त्यसपछि अमेरिकामा जाँदैछन्।उनले व्यावसायिक लिग पनि क्यानडामै खेलिरहेका छन्। भ्याङ्कुभर किङ्ग्समा उनी आबद्ध छन्।अझै पनि कतिपयको विश्वास छ, असोसियट राष्ट्रका खेलाडीका लागि निकै गाह्रो मानिने आइपीएलमा खेल्ने क्षमता बोकेका दीपेन्द्र सो लिगमा आबद्ध हुन सक्ने सम्भावना छ।

# जिनेभामा प्रदर्शन गरिँदै गाजाका सांस्कृतिक सम्पदा

एएफपी

जिनेभा । गाजापट्टीका पुरातात्विक सम्पदा जिनेभामा प्रदर्शनमा राखिएका छन् । स्विस सहरले एक वर्षको युद्धले ध्वस्त भएको क्षेत्रको सम्पदाको रक्षा गरिरहेको छ ।

कला र इतिहास सङ्ग्रहालय (एमएएच) मा आयोजित “खतरामा रहेका सम्पदा” प्रदर्शनीमा गाजामा फेला परेका ४४ वटा वस्तुमध्ये एम्फोरा, मूर्तिहरू, फुलदानी, तेलका बत्ती र मूर्तिहरू प्रदर्शनमा राखिएका छन् । “यो गाजाको आत्माको अंश हो। यसको आफ्नै पहिचान छ”, प्रदर्शनीको क्युरेटर बीट्रिस ब्लान्डिनले बताउनुभयो, “सम्पदा वास्तवमा यस भूभागको इतिहास हो, त्यहाँ बस्ने मानिसहरूको इतिहास हो।”

शनिबारदेखि फेब्रुअरी ९ सम्म चल्ने प्रदर्शनीमा सुडान, सिरिया र लिबियाका कलाकृतिहरू पनि समावेश छन् । सशस्त्र द्वन्द्वको घटनामा सांस्कृतिक सम्पत्तिको संरक्षणका लागि सन् १९५४ हेग अधिवेशनको ७० औँ वार्षिकोत्सवको अवसरमा यो प्रदर्शनी आयोजना गरिएको हो ।

द्वन्दवको समयमा यस्ता सांस्कृतिक सम्पत्तिलाई क्षति, लुटपाटबाट जोगाउने सङ्ग्रहालयको जिम्मेवारी र आगन्तुकलाई जानाजानी सम्पदा नष्ट गर्नु युद्ध अपराध हो भनेर सम्झाउँने उदेश्यका साथ यो प्रदर्शनी आयोजना भएको हो ।

सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणपछि गाजामा इजरायलको आक्रमण सुरुभएदेखि प्यालेस्टिनी क्षेत्रका सांस्कृतिक सम्पदाले भारी मूल्य चुकाएको संयुक्त राष्ट्रसङ्घको सांस्कृतिक सङ्गठनले जनाएको छ ।

युनेस्कोले युद्धका कारण गाजाको १० वटा धार्मिक स्थल, ४३ वटा ऐतिहासिक र/वा कलात्मक चासोका भवन, दुईवटा चल सांस्कृतिक सम्पत्तिका भण्डार, ६ वटा स्मारक, एउटा सङ्ग्रहालय र ७ वटा पुरातात्विक स्थलसहित ६९ वटा सम्पदाहरु क्षति भएको पुष्टि गरेको छ ।

# नाइजेरियामा दश हजारभन्दा बढीमा हैजा सङ्क्रमण, तीन सयभन्दा बढीको मृत्यु

सिन्ह्वा

अबुजा । यस वर्षको जनवरी देखि सेप्टेम्बरको बीचमा दक्षिणपश्चिमी राज्य लागोससहित ३३ वटा नाइजेरियाली राज्यमा हैजाको प्रकोपले कम्तीमा ३५९ जनाको मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसीडीसी) ले जनाएको छ ।



राजधानी अबुजामा हैजाको प्रकोपको अद्यावधिक गरिएको तथ्याङ्कमा जनस्वास्थ्य विभागले सङ्क्रमितको सङ्ख्या बढेर दश हजार ८३७ पुगेको पुष्टि गरेको छ । यस वर्ष अहिलेसम्म नाइजेरियाका ३३ वटा राज्यमा हैजाको घटना सुचित गरिएको छ ।

गत हप्ता मात्रै पाँच राज्यमा १ सय ९८ वटा नयाँ सङ्क्रमण रिपोर्ट गरिएको थियो जसमा मृत्युको अनुपात ७.६ प्रतिशत रहेको एनसीडीसीले जनाएको छ ।

क्षेत्रीय राष्ट्रिय हैजा प्राविधिक समूहको नेतृत्व गर्दै, एनसीडीसीले अधिकारीहरूलाई हैजा रोकथामको तयारी र प्रतिस्थापन योजना बढाई आपतकालीन व्यवस्थापनको लागि क्षमता विकास गर्न आग्रह गरेको छ । प्रकोपबाट प्रभावित समुदायमा खुलारुपमा दिशा पिशाब गर्ने गलत अभ्यास रहेको एनसीडीसीले उल्लेख गरेको छ ।पिउने पानी र सरसफाइमा कमजोर पहुँचलाई प्रकाश पार्दै एनसीडीसीले यस्तो अस्वस्थ्य अभ्यासले हैजा फैलावट रोक्ने देशको प्रयासमा चुनौती खडा गरेको जनाएको छ ।

हैजा एक अत्यधिक विषाक्त रोग हो जुन गम्भीर झाडा-पखालाको अचानक सुरुवातको विशेषता हो ।यसले शरिरमा तरल पदार्थको कमी (डिहाइड्रेसन) का कारण मृत्यु निम्त्याउन सक्छ । विशेष गरी घना जनसङ्ख्या भएका क्षेत्रहरूमा पिउने पानीको आपूर्तिको अभावका कारण नाइजेरियामा हैजाको प्रकोप बारम्बार बढिरहेको जनाइएको छ ।

# शान्तिपूर्ण अमेरिकी निर्वाचनबारे विश्वस्त छैन : राष्ट्रपति बाइडेन

एएफपी

वासिङ्टन । राष्ट्रपति जो बाइडेनले शुक्रबार नोभेम्बरमा हुने अमेरिकी चुनाव शान्तिपूर्ण हुने कुरामा विश्वस्त नभएको बताउनुभएको छ ।



सन् २०२० को हारलाई अस्वीकार गर्ने रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको भड्किलो टिप्पणीलाई उद्धृत गर्दै बाइडेनले यो टिप्पणी गर्नुभएको हो ।

ट्रम्पले सन् २०२० मा बाइडेनसँगको हारपछि चुनावमा व्यापक घोटाला भएको आरोप लगाएपछि उहाँका समर्थकहरुले राजधानीमा तोडफोड गरेका थिए ।

“म विश्वस्त छु कि यो निर्वाचन स्वतन्त्र र निष्पक्ष हुनेछ । तर यो शान्तिपूर्ण हुन्छ वा हुँदैन मलाई थाहा छैन “, बाइडेनले चुनावको बारेमा छलफल गर्दा सञ्चारकर्मीलाई बताउनुभयो ।

“ट्रम्पले अन्तिम पटक चुनावको नतिजा मन नपराउँदा गरेका टिप्पणीहरु निकै खतरनाक थिए ।”रिपब्लिकनको पराजयपछि उहाँका सयौँ समर्थकहरुले द्वन्द्व फैलाएपछि ट्रम्पलाई सन् २०२१ मा विद्रोह उक्साएकोमा महाभियोग लगाइएको थियो।

## नक्सामा इजरेल-हिज्बुल्लाह सङ्घर्ष :

# लेबनन प्रवेश गरेर इजरेली सेनाले कहाँ के गर्दैं छ

बीबीसी

काठमाण्डु ।हिज्बुल्लाहसँग द्वन्द्व चर्किएपछि इजरेली सेना दक्षिणी लेबननमा प्रवेश गरेको छ।गत सोमवार राति इजरेलले लेबननमा स्थल सैन्य कारबाही सुरु गरेको हो। त्यसको केही दिनअघि इजरेली हवाई आक्रमणमा परी हिज्बुल्लाहका प्रमुख हसन नस्रल्लाहको मृत्यु भएको थियो। हिज्बुल्लाह इरानबाट समर्थनप्राप्त सैन्य समूह हो।



दुई सातादेखि इजरेलले लेबननमा हवाई हमला गर्दै आएको छ। त्यसको प्रतिकार गर्दै हिज्बुल्लाहले पनि उत्तरी इजरेलमा सयौँ रकेट प्रहार गरेको छ। लेबननी अधिकारीहरूका अनुसार इजरेली कारबाहीमा परेर १,००० जनाभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने १० लाख मानिस आफ्नो घर छोडेर भाग्न बाध्य भएका छन्। इजरेल र हिज्बुल्लाहबीच दशकौँदेखि द्वन्द्व चल्दै आएको छ। तर गत वर्ष गाजामा युद्ध सुरु भएपछि हिज्बुल्लाह र इजरेलबीच फेरि सीमावारपार सङ्घर्ष हुन थाल्यो।

### लेबनन कहाा छ?

लेबनन भूमध्यसागरको तटमा अवस्थित सानो देश हो। त्यहाँको जनसङ्ख्या ५५ लाख मात्र छ। लेबननको उत्तर र पूर्वमा सिरिया छ भने दक्षिणमा इजरेल छ।

**साइप्रस र लेबननबीचको दूरी १७० किलोमिटर छ।**

इजरेलले कहाँ धावा बोल्यो?

इजरेल डिफेन्स फोर्सेज (आईडीएफ)ले “हिज्बुल्लाहका आतङ्ककारी संरचना ध्वस्त पार्न“ भन्दै दक्षिणी लेबननमा आफूले “सीमित, स्थानीय र लक्षित स्थल कारबाही“ गर्न थालेको बताएको छ।

लेबननमा धावा बोलेको दोस्रो दिन इजरेली सेनाले हिज्बुल्लाहका लडाकुहरूको सामना गर्नुपरेको बीबीसीका निक बीकले बताए। उनी उत्तरी इजरेलमा छन्। आईडीएफका अनुसार इजरेली सैनिकहरूले “दक्षिणी लेबननका विभिन्न स्थानमा विशिष्ट लक्ष्य भएका हतियारको प्रयोगबाट र नजिकैबाट भएको लडाइँमा आतङ्ककारीहरूलाई मारिदिए र आतङ्ककारी संरचनाहरू ध्वस्त पारिदिए।“

आईडीएफले आफ्ना आठ सैनिकको पनि मृत्यु भएको जनायो। तीमध्ये छ जना हिज्बुल्लाहको धरापमा परेका थिए भने दुई जनाको ज्यान मोर्टार प्रहारका कारण गएको बताइएको छ।

हिज्बुल्लाहका अनुसार सीमावर्ती एउटा गाउँमा भएका भिडन्तका क्रममा उसका लडाकुहरूले इजरेली कमान्डोहरूलाई लक्ष्य गरी ट्याङ्कभेदी क्षेप्यास्त्र प्रहार गरेका थिए। काफर किलाको बाह्य भागमा इजरेली सैनिकहरूलाई विस्फोटक पदार्थ र गोली प्रयोग गरी निसाना बनाइएको र मारून अल-र ासनजिकै क्षेप्यास्त्र प्रहार गरी इजरेलका केही ट्याङ्क ध्वस्त पारिएको उसको दाबी छ। अदेसह र यारूनमा पनि भिडन्त भएको उसको भनाइ छ। दक्षिणी लेबननमा इजरेलले थालेको स्थल कारबाहीबाट इजरेली फौजलाई धेरै खतरा छ। गाजाको जस्तो भूमि नभई दक्षिणी लेबननमा पहाडी भूभागहरू छन्। भौगोलिक अवस्थितिका कारण इजरेली सेनाका ट्याङ्कहरू सजिलै अगाडि बढ्न सक्दैनन् र धरापमा पर्न सक्ने डर कायम रहन्छ।

उक्त क्षेत्रमा हिज्बुल्लाहले भूमिगत सुरुङको सञ्जाल बनाएको ठानिन्छन्। सो समूहले सन् २००६ मा इजरेलसँग ३६ दिन चलेको युद्धपछि पूर्णस्तरको लडाइँका लागि तयारी गर्न थालेको ठानिन्छ। आईडीएफले दक्षिणी लेबननका केही गाउँमा बस्ने मानिसहरूलाई “तत्काल घर छाडेर अवाली नदीको उत्तरितर जान“ उर्दी जारी गरेको छ। उक्त स्थान इजरेलको सीमाबाट ५० किलोमिटर टाढा समुद्री तटमा छ।

आईडीएफले लेबननका नागरिकहरूलाई लितानी नदीपारि दक्षिणतिर जाँदा सवार ासाधन प्रयोग नगर्न चेतावनी दिएको छ। उक्त नदी सीमावाट ३० किलोमिटर टाढा पर्छ।

द्वन्द्व चर्किनुअघि गत वर्षसम्म दक्षिणी लेबननमा झन्डै १० लाख मानिस बस्दै आएका थिए ।

# एनसेलकी विशाखा खड्काले जितिन् 'बेस्ट वुमन सस्टेनेबिलिटी लिडर' अवार्ड

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलकी कर्पोरेट कम्युनिकेसन्स एन्ड सीएसआर हेड विशाखा लक्ष्मी खड्का बेलायतको वुमन्स ट्याब्लोइडले प्रदान गरेको 'वुमन्स् ट्याब्लोइड अवार्ड्स २०२४' बाट सम्मानित भएकी छिन् । उनले 'बेस्ट वुमन सस्टेनेबिलिटी लिडर-टेलिकम'विधा अन्तर्गत यो अवार्ड पाएकी हुन् ।




यो अवार्ड उनले सामाजिक क्षेत्रमा गेरका महत्वपूर्ण कार्यहरु र तीकार्यहरुको प्रभावको सम्मानहो ।साथै यो अवार्ड एनसेलले एक जिम्मेवार कर्पोरेट नागरिक बनेर वर्षौंदेखि स्वास्थ्य, शिक्षा, वातावरण, विपद् प्रतिकार्य तथा पूर्व तयारी लगायतका क्षेत्रहरुमा गर्दै आएको प्रभावकारी सामाजिक पहलहरुको एक प्रमाण हो ।

"यो हाम्रो टिम एनसेलले गरेको सामुहिक प्रयासको नतिजाहो र हामीले गरेका सामाजिक पहलहरुले अन्तर्राष्ट्रिय मान्यता पाएकोमा धेरै खुसी छौं । एनसेल फाउन्डेसनको सुरुवातसँगै हामी सामाजिक पहलहरू मार्फत समुदायमा सकारात्मक र दिगो परिवर्तन ल्याउन, सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउनर दिगो विकास लक्ष्यहरू प्राप्तिकालागि सरकारलाई सहयोग गर्ने हाम्रो यात्रालाई निरन्तरता दिन प्रतिबद्ध छौं," खड्काले भनिन् ।

एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा १ करोड ३० लाखभन्दा बढी नेपालीलाई सकारात्मक प्रभाव पार्दै देशै भरी १०० भन्दा बढी सामाजिक परियोजनाहरू कार्यान्वयन गरेको छ । रिङरोडको कोटेश्वर-कलङ्की १०.२ किलोमिटर सडक खण्डको दुवैतिर गरिएको ल्याण्डस्केपिङर हरियाली विकास, धुलिखेल अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन तथा स्वास्थ्य सूचना कार्यक्रम, ६० वटा सरकारी विद्यालयहरुमा स्थापनागरिएको आधुनिक डिजिटल आईटी ल्याब र सबै प्रदेश समेटिने गरि सञ्चालन गरिएको एटीन फर एटीन सामाजिक पहल एनसेलले कार्यान्वयन गरेको केही प्रमुख परियोजनाहरु हुन् ।

आफ्नो १९औं वार्षिकोत्सवको अवसरमा एनसेलले नाइन्टिन फर नाइन्टिन सामाजिकपहलको पनि सुरुवात गरेको घोषणा गरेको छ । यसअन्तर्गत एनसेल फाउन्डेसनले सातवटै प्रदेशको सामुदाय स्तरमा कुल १९ सामाजिक परियोजनाहरू सञ्चालन गर्नेछ । एनसेलले विभिन्न सामाजिक पहलहरुमा रु २ अर्ब भन्दा बढिको योगदान गरिसकेको छ । सामाजिक परियोजनामार्फत सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याएकोले एनसेल एक दर्जनभन्दा बढी राष्ट्रिय तथाअन्तर ाष्ट्रिय अवार्डहरुबाट सम्मानित भईसकेको छ ।

वुमन्स ट्याब्लोइड अवार्ड्सले मुख्य रूपमावुमन लिडर,चिफ एक्जिक्युटिभ अफिसरहरु,उद्यमीहरू, र महिलाले सञ्चालन गरेका व्यवसायहरुको उल्लेखनीय उपलब्धिहरुको सम्मान गर्दछ । वुमन ट्याब्लोइड एउटा ग्लोबल बिजनेश म्यागेजिन हो जसले विभिन्न उद्योगहरूमा महिलाहरूले गरेको उपलब्धि, चुनौती र योगदानलाई हाइलाइट गर्दछ।

# काउली उत्पादनले घरखर्च चलाउन सहज

दिपायल । काउली उत्पादन गरेर डोटीका किसानले पर्याप्त आम्दानी गरेका छन् । विगतमा परम्परागतरुपमा तरकारीखेती गर्दैआएका किसान पछिल्लो समयमा आधुनिकरुपमा काउली खेतीतर्फ आकर्षित भएका हुन् । अधिकांश खेतीयोग्य जग्गामा काउली उत्पादन हुन थालेपछि डोटी जिल्लाका किसान काउली खेतीतर्फ आकर्षित बन्दै गएका छन् ।

जिल्लाको के आईसिंह गाउँपालिका-४ किसान शिवराज धामीले दुई रोपनी क्षेत्रफलमा काउली उत्पादन गर्दै आउनुभएको छ । उहाँको मुख्य आम्दानीको स्रोत नै काउली खेती बनेको छ । काउली उत्पादनबाट मात्रै उहाँले गतवर्ष रु दुई लाख ५० हजार आम्दानी गर्नुभयो ।



यसवर्ष पनि बारीमा करिब रु चार लाख बराबरको काउली बेच्न तयार भएको धामीले बताउनुभयो । गोठेमलको प्रयोग गर्दै विषादीयुक्त काउली उत्पादन गर्दै आएको र व्यापारी घरमै आएर काउली खरिद गर्दै आएका उहाँको भनाइ छ ।

"घरखर्च चलाउन विदेश जानुपरेको छैन । काउली उत्पादनले नै घरखर्च चलाउन सहज भएको छ", धामीले भन्नुभयो ।के आई सिंह गाउँपालिका-४ का डिलबहादुर बुढामगरले दुई रोपनी जमिनमा लगाउनुभएको काउली बेचन तयार भइसकेको छ । उहाँले गत वर्ष एक रोपनीमा लगाएको काउलीबाट करिब रु एक लाख आम्दानी गरेको बताउनुभयो । यसवर्ष पनि बारीमा लगभग रु दुई लाख बराबारको काउली तयार भएको छ ।

परम्परागत खेतीको तुलनामा आधुनिक खेतीबाट पर्याप्त आम्दानी गर्न सकिने भएका कारण किसान व्यावसायिकरुपमा तरकारी खेती गर्न थालेका के आई सिहं गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीले बताउनुभयो । पालिकाले किसानलाई उत्पादन भएको तरकारी बिक्री गर्न सहयोग गर्न थालेको उहाँले बताउनुभयो ।

के आई सिंह गाउँपालिकाका कृषि शाखा प्रमुख योगेश रावल हिउँदे र बर्खे बालीका रूपमा काउलीखेती गरी किसानले मनग्य आम्दानी गर्दैआएका बताउनुहुन्छ । गर्त वर्ष एक हजार दुई सय क्विन्टल काउली उत्पादन भएको उहाँले बताउनुभयो ।

कृषि ज्ञान केन्द्र डोटीका प्रमुख गङ्गादत्त अवस्थीले सायल गाउँपालिका, दिपायल सिलगढी नगरपालिका, जोरायल गाउँपालिका र के आई सिहं गाउँपालिकालाई काउली पकेटको रूपमा छनोट गरी काउली उत्पादनमा जोड दिइएको बताउनुभयो ।रासस

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार शनिबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ छ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६६ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४७ रुपैयाँ ८९ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ ५६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७६ रुपैयाँ ५५ पैसा र बिक्रीदर एक सय ७७ रुपैयाँ ३४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ ४७ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ १७ पैसा कायम गरिएको छ ।

यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७२ पैसा र बिक्रीदर ९२ रुपैयाँ १३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ९१ पैसा र बिक्रीदर ९९ रुपैयाँ ३५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ३१ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ७७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १५ पैसा र बिक्रीदर नौ रुपैयाँ १९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७० पैसा र बिक्रीदर ३५ रुपैयाँ ८६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९४ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ सात पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ७७ पैसा र बिक्रीदर ३१ रुपैयाँ ९१ पैसा कायम छ । साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ एक पैसा र बिक्रीदर १० रुपैयाँ पाँच पैसा, स्विडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ चार पैसा र बिक्रीदर १० रुपैयाँ आठ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८३ पैसा र बिक्रीदर १९ रुपैयाँ ९२ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ १२ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ आठ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ४८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ सात पैसा तोकेको छ ।

भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# कोदो उत्पादक किसानलाई प्रोत्साहन

पर्वत । रैथाने वालीको रुपमा रहेको कोदो उत्पादनतर्फ कृषकहरुको आकर्षण बढाउनका लागि यहाँका कृषकलाई अनुदान वितरण गरिने भएको छ ।



दक्षिण पर्वतको पैंयु गाउँपालिकाले कोदो उत्पादन गर्ने कृषकलाई प्रोत्साहन अनुदान वितरण गर्ने भएको हो । कोदोको माग दैनिकजसो बढ्दै गए पनि उत्पादन तर्फ कृषकको आकर्षण बढ्न नसकेपछि अनुदान दिएर कोदोको व्यावसायिक उत्पादनमा आकर्षित गर्न थालिएको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिनुभयो ।

पालिकाभित्रका कृषक, कृषि फार्म, कृषक समूह वा सहकारीलाई उत्पादनको आधारमा प्रोत्साहन रकम वितरण गरिने भएको छ । किसानलाई प्रोत्साहन गर्नका लागि चालु आर्थिक वर्षमा रु पाँच लाख विनियोजन गरिएको र यसको प्रभावकारिता हेरेर आगामी वर्ष थप गर्दै लैजाने योजना रहेको अध्यष ठकुरीले बताउनुभयो ।

अनुदान पाउनका लागि कम्तिमा पाँच रोपनी क्षेत्रफलभन्दा बढीमा कोदोखेती गर्नुपर्ने भएको छ । कृषकले कोदो बाली लगाउने जग्गाको लालपुर्जा र भाडामा लिएको भए करारनामा पालिकामा निवेदनसहित पेश गर्नुपर्ने पालिकाद्धारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ । चालु आर्थिक वर्ष विसं २०८१/८२ बाट लागु भएको यो कार्यक्रमलाई वर्षेनी वृद्धि गर्दै लैजाने पालिकाको योजना छ ।

पहिले-पहिले कोदोको ढिँडो, रोटी र खोले निकै कम मात्रै पाक्थ्यो । पछिल्लो समय घरबाससँगै सहर बजारका ठुला-ठूला होटलका भान्छामा पनि ढिँडोको माग बढ्दै गएको छ । कोदोको माग बढ्दै जानथालेपछि व्यावसायिक रुपमा कोदोको खेती गर्न तर्फ कृषकलाई आकर्षण गर्न अनुदान मुलक कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### नामसारी सम्बन्धी हकदाबी ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस राजपुर फरहदवा वडा न. ५ हाल राजपुर नगरपालिका वडा न. ४ बस्ने शेख फरिदको नाती शेख सहिदको छोरा शेष मोसलीमले आफनो बुवा नाता पर्ने शेख हदिसको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गरि पाउँ भनि निवेदन पेश गरेकोले राजपुर फरहदवा वडा न. ९क कि.न.१५१को ज.वि.०-१-१५को जग्गा मोठ भिडान हुदाँ शेख हदिसको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै नापी कार्यालयको फिल्डबुकको प्रतिलिपीमा जिल्ला रौतहट साविक गाविस राजपुर फरहदवा वडा न. ९क कि.न.१५१को ज.वि.०-१-१५ जग्गावालाको व्यहोरामा शेख सहिद पं. राजपुर फरहदवा वडा न. ५को हकमा सहि गर्ने संगोलको भाई ईद्रिश उल्लेख रहेको र किसानको व्यहोरामा यो जग्गाका नम्बरीमा दाई शेख सहिदको नाउँको नम्बरी हो भनि उल्लेख साथै दर्ता श्रेस्तामा ज.ध.को. नाम शे.हदिस र सिफारिसमा निवेदकको बुवाको नाम से सहिद रहि फरक फरक देखिएकोमा तपसिलमा उल्लेखित जग्गामा वतनमा राजपुर फरहदवा वडा न. ९ र ५ फरक परक देखिएको,तिनपुस्ते विवरण नदेखिएको साथै राजपुर नपा वडा न. ४ को च.न. ११०२ मिति २०८१।०३।२५ गतेको सिफारिसमा से.सहिद मिति २०६१।०३।२५ र निजको पत्नी सरिफन सेखिनको मिति २०८०।११।२५ गतेमा आफनै कालगतिले नाममा नामसारी हुन नामसारी हुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गनै आउनु होला अन्यथा कानुन बमोजिम नामसारी भै जाने छ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | राजपुर फरहदवा | ९क | १५१ | ०-१-१५ | शे.हदिस राजपुर फ.९ |
| रौतहट | राजपुर फरहदवा | ८क | १८० | ०-१-१७ | शे.सहिद राजपुर फ.५ |
| रौतहट | राजपुर फरहदवा | ४क | ४५८ | ०-२-०-८ | शे.सहिद राजपुर फ.५ |
| रौतहट | राजपुर फरहदवा | ९क | ६७ | ०-२-१५-८ | शे.सहिद राजपुर फ.५ |

## मालपोत कार्यालय मौलापुर रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस टेंग्रहा वार्ड नं.२ हाल फतुवा विजयपुर न.पा. ४मा बस्ने राधारमण उपाध्याय र इन्दीरारमण उपाध्यायले रौतहट जिल्ला अदालतको फैसला र दा.खा.चलन पुर्जी बमोजिम जग्यानन्द उपाध्यायको नाम दर्ताको गाविस सरमुजवा वार्ड नं.८क कि.नं.३५०को ०-४-१ अप्रमाणित जग्गालाई प्रमाणित गरी सो मध्ये कमशः उतर तर्फबाट राधारमण उपाध्यायको नाममा ०-१-७ र इन्दीरारमण उपाध्यायको नाममा बिचबाट ०-१-७ दा.खा. दर्ता गर्न द.नं.१२१७ मिति २०८१/०६/१०गतेको माग निवेदन ।

माग जग्गाको मोठ भिडान हुँदा गाविस सरमुजवा वाड्ड नं.८क कि.नं ३५० को ०-४-१ जग्गाको मोठ श्रेस्ता जग्यानन्द उपाध्ययाको नामको अप्रमाणित जग्गा कायम रही उक्त कि.नं.कालो मंसिले केरिएको र यसमा दा.खा.मि.नं.१९४ मिति २०७५/०२/१६ गते मिसिल भिडेको र कैफियत लेखि केरिएको र जग्यानन्द उपाध्यायको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ ।

यसमा जिल्ला रौतहट साविक गाविस टैंग्रहा वार्ड नं. २ हाल फतुवाविजयपुर न.पा. ४ मा बस्ने तेजनारायण उपाध्याय र इन्दीरारमण उपाध्याय प्रतिवादी र ऐ.ऐ. बस्ने राधारमण उपाध्याय वादी भई चलेको २०६९ सालको दे.न. २६३४ को अंशहक कायम दर्ता चलन मुददा सम्मानित रौतहट जिल्ला अदालतबाट मिति २०७०/१०/२३ गते फैसला भई सो फैसला अनुसार प्रमाणित नामसारी दा.खा.चलन मुद्दा २०७४ को अउ-१४९५ को मिति २०७५/११/२६ गते फैसला भई दा.खा.को लागि चलन पुर्जी समेत जारी भएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भए प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनु भनी जग्गा प्रशासन कार्यविधि २०६२ को भाग ३ परिच्छेद ५ को दफा १.९.१ड. बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५दिनभित्र आफनों हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउन् होला अन्यूथा मांग दाबी बमोजिम माथि उल्लेखित अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा. भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

## Invitation for Bids

## Madhesh Institute of Health Sciences

### Janakpurdham, Dhanusha

**Date of publication: 06 October 2024**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha

**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022

**Office Account no.:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no. :** 14229

**Dharauti Khata No.:-** 1220100026496001

4. Pre-bid meeting shall be held at the Madhesh Institute of Health Sciences Janakpurdham, Dhanusha at 01:00 PM on 25 October 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 5 November 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 5 November 2024 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/ WORKS/ 2081-82/01 | OPD Bhawan ko chhat mathi Simulation Lab Nirman, MIHS, Janakpurdham, Dhanusha, Madhesh Province | 3430148.69 | 3000/- | 95000/- |

# छिन्नमस्तामा राष्ट्रिय खुल्ला अध्यक्षकप भलिबल सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय खुल्ला अध्यक्षकप पुरुष भलिबल प्रतियोगिताशनिबारदेखिसप्तरीको छिन्नमस्ता गाउँपालिकामा सुरु भएको छ । सो प्रतियोगिताको तेश्रो संस्करण प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर नजिकैको खेलमैदानमा सुरु भएको छ । प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीले रिवन काटी बल सर्भिस गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए ।

सो उद्घाटन खेलमा मधेश प्रहरी तालिम केन्द्र राजविराजले छिन्नमस्ता 'बी' लाई २५-१७, २५-१२ र २५-२० को सोझो सेटमा पराजित गर्‍यो । छिन्नमस्ता गाउँपालिकाको आयोजनामा संचालित प्रतियोगिता २६ असोजसम्म चल्ने छ ।

सो प्रतियोगितामा मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराज, झापा, उदयपुर, धनुषा, खडक नगरपालिका सप्तरी, बरख गण राजविराज तथा आयोजक छिन्नमस्ता 'ए' र 'बि' गरी कुल ८ टिमको सहभागिता रहेको छ । सो प्रतियोगिताको विजेता टिमले ट्रफी सहित नगद १ लाख १ हजार र उपविजेता टिमले ५१ हजार रुपैयाँ पुरस्कार स्वरुप पाउने छन् । त्यस्तै व्यक्तिगत विद्या तर्फ पनि सर्वोत्कृष्ट खेलाडीहरुका लागि पुरस्कारको व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए ।

उनले धार्मिक पर्यटकीय स्थलको रुपमा रहेको छिन्नमस्ता भगवतीको महिमाबारे प्रचारप्रसार तथा भलिबलको स्तरीय खेलाडी उत्पादन गर्ने उद्देश्यले पालिकाको लगानीमा राष्ट्रिय स्तरको भलिवल प्रतियोगिताको आयोजना गर्दै आएको बताए ।

# बाढीबाट बागमती सिँचाई आयोजनामा करोडौँको क्षति



**टुडे समाचारदाता**

जनकपुरधाम । बाढीबाट सर्लाहीस्थित बागमती सिँचाई आयोजनामा करोडौँ रुपैयाँको क्षति भएको छ ।

गत शुक्रबार र शनिबारको वर्षा र बाढीबाट सर्लाहीको कर्मेयास्थित बागमती सिँचाइ आयोजनामा १० करोड ४० लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

रौतहट र सर्लाहीको लालबकैया, लखनदेही, बागमती, चाँदी तथा झाँझ नदीमा आएको बाढीले उक्त आयोजनामा क्षति पुर्‍याएको छ ।

सर्लाही र रौतहट जिल्लामा करिब ४६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउँदै आएको उक्त आयोजनामा बाढीले क्षति पुर्‍याउँदा अहिले सिँचाइ कार्यमा असर पुगेको आयोजनाका डिभिजन प्रमुख अनुभव चौधरीले जानकारी दिए ।

बागमतीको बैराज, बैराजको ढोका र त्यसको तलको पक्की सतह तथा तटबन्ध, रौतहटतर्फको पश्चिमी मूलनहर तथा सर्लाहीतर्फको पूर्वी मूलनहर, शाखा नहर, उपशाखा नहर, हेडवर्क्स तथा बाँध र नहर जोड्ने मुख्य तथा सहायक सडक बाढीले क्षति पुर्‍याएको उनले बताए । रौतहटतर्फको पश्चिमी मूल नहरको चाँदी साइफान, मानपुर शाखा अन्तर्गतको हजरिया शाखा, प्रेमपुर शाखा, महमोदपुर शाखा, भोलहिया शाखाअन्तर्गतको लौकहा प्रशाखा, जिगडरिया शाखाको नहर तथा बाँध रहेको क्षेत्र बाढीले क्षति पुर्‍याएको जनाइएको छ ।

त्यस्तै सर्लाहीतर्फको पूर्वी मूल नहरको लक्ष्मीपुर शाखा, पूर्वी मूलनहरको गडैया शाखाको आरफोर सेक्सन तथा सडकमा क्षति पुर्‍याएको उनले बताए । वि.सं. २०३५ मा निमार्ण सुरु भएको सो आयोजना २०५० सालमा सञ्चालनमा आएको छ ।

# बर्दिबासमा घरेलु कार्यालय स्थापना गर्न माग

टुडे समाचारदाता

बर्दिबास । बर्दिबासमा घरेलु कार्यालय स्थापना गर्नका लागि मुख्यमन्त्री सतीश सिंहलाई बर्दीबासमा ज्ञापनपत्र बुझाएको छ ।

घरेलु कार्यालय स्थापना सेवा उपलब्ध गराउन माग गर्दै महोत्तरी चेम्बर अफ कमर्सले मुख्यमन्त्री सिंहलाई ज्ञापन पत्र छ ।

बर्दिबासका करिब ६ हजार घरेलु व्यवसायीहरूले सेवा लिन ४० किलोमिटर टाढा जानुपर्ने बाध्यता रहेकोले महोत्तरी चेम्बर अफ कमर्सको भवनमा घरेलु कार्यालय स्थापना गरी हप्तामा एक दिन भएपनि सेवा उपलब्ध गराउन माग गरिएको अग्रवालले बताए ।



बुझाएको छ ।

महोत्तरी चेम्बर अफ कमर्सको तर्फबाट सुधीर अग्रवालले ज्ञापन पत्र बुझाउँदै बर्दीबासमा घरेलु कार्यालय सञ्चालन गर्न माग गरिएको

महोत्तरी चेम्बर अफ कमर्सले बर्दिबासमा घरेलु कार्यालय स्थापनाको अनुरोध गरेपछि मुख्यमन्त्री सिंहले सकारात्मक प्रतिवद्धता जनाएको अग्रवालले बताए ।

# चार स्थानमा यात्रु सहायता कक्ष स्थापना



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाका विभिन्न ४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ । चाडपर्वका लागि लामो तथा छोटो यात्रामा हिँडेका यात्रुको सुरक्षित यात्रा र ट्राफिक सचेतनाका लागि कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

चाडबाडमा हुनसक्ने लुटपाट नियन्त्रण गर्ने, मदिरा तथा लागु औषध सेवन गरि सवारी चलाउन रोक लगाउने, हेलमेट लगाएर मात्रै यात्रा गर्न अनुरोध गर्ने, आपतकालीन अवस्थामा परेका यात्रुलाई तत्काल सहायता गर्नेलगायतकालाई मध्यनजर गर्दै सहायता कक्ष संचालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख लक्ष्मीराज जोशीले जानकारी दिए ।

उनले महोत्तरी जिल्लाको बर्दिबास, गौशाला, जलेश्वर र माईस्थानमा ४ वटा सहायता कक्ष स्थापना गरिएको छ । चाडपर्वमा मौका छोपी बढी भाडा लिने तथा यात्रामा अप्ठ्यारो पार्ने जो कोहीलाई कानुनको दायरामा ल्याउने उनले बताए ।

# सुरक्षित समाज निर्माणमा प्रहरीसंगै सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण



**मनोज कुमार माझी**

राजविराज । सप्तरीका नयाँ प्रहरी प्रमुख ठेकेन्द्र खतिवडाले प्रहरी र सञ्चारकर्मीको कार्य जिम्मेवारी फरक भए पनि दुवैको उद्देश्य पीडितलाई न्याय र समाजमा शान्ति सुव्यवस्था कायम रहोस नै रहेको बताएका छन् ।

राजविराजमा शनिबार पत्रकारहरुसंगको परिचयात्मक तथा भेटघाट कार्यक्रमको आयोजना गरि उनले समाजमा शान्ति सुरक्षाको व्यवस्थाका लागि आफू अग्रसर रहने बताए ।

जिम्मेवारी सम्हालेको दोश्रो दिन नै आफ्नो कार्यकक्षमा पत्रकारहरुसंगको परिचयात्मक तथा भेटघाट कार्यक्रम राखेका उनले भने, 'पिडितलाई न्याय र समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरी र सञ्चारकर्मी दुवैको एउटै उद्देश्य भएकाले समान उद्देश्य बोकेका संस्था आपसी सदभाव, समन्वय र मिलेर काम गर्दा झन प्रभावकारी हुन्छ ।'

१५ वर्ष अघि सप्तरीकै शम्भुनाथ स्थित जिल्ला ट्राफिक कार्यालयमा १५ महिना ट्राफिक प्रहरी प्रमुखको जिम्मेवारी बहन गरिसकेका प्रहरी उपरिक्षक खतिवडाले आफ्नो कार्य कुशलता र छिन्नमस्ता भगवतीको कृपाले पुनः यस जिल्लामा थप जिम्मेवारीका साथ फर्किएको र सबैको साथ सहयोग लिएर समाजमा शान्ति सुरक्षा कायम गर्न सफल हुने विश्वास समेत व्यक्त गरे ।

पत्रकारको निष्पक्ष र वस्तुगत रिपोर्टिङ्ग प्रहरीलाई आफ्नो कर्तव्यपथमा निर्भिक र जिम्मेवार भएर अघि बढ्न तथा संगठनलाई मर्यादा र कर्तव्यबाट विचलित हुन नदिन मदत पुर्याउने भन्दै उनले काम गर्दै जादाँ कुनै त्रुटी भए सचेत र आवश्यक सुझाव दिन समेत सञ्चारकर्मीहरुसँग अनुरोध गरे ।

उनले एउटै उद्देश्य बोकेका सञ्चारकर्मी र प्रहरी बीचका वास्तविक सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै पत्रकारको सुरक्षा, सम्मान, समयमै सूचना प्रवाह र शान्ति सुरक्षाका लागि समेत आफुले आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाए। सोअवसरमासञ्चारकर्मीहरुले जिल्लामा देखिएका विभिन्न समस्या र शान्ति सुरक्षा कायम गर्न प्रहरीले चाल्नु पर्ने कदमबारे आ आफ्ना सुझाव दिएका थिए ।

# पर्यटक सहायता कक्ष स्थापना गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । बडा दशैं आगमनसंगै सीमानाकाबाट घर आउनेहरुको संख्या दिनानुदिन बढ्दै गएपछि पर्यटकलाई समेत ख्याल गर्दै सहायता कक्ष स्थापना गरिने भएको छ ।

पर्यटकलाई सहजीकरणका लागि सशस्त्र प्रहरीले आठवटा जिल्लामा पर्यटक सहायता कक्षसमेत स्थापना गर्ने गरिने भएको छ ।

तराईदेखि मधेशमा पर्यटकहरू प्रवेश गर्ने सीमानाका क्षेत्र इलाम जिल्लाको पशुपतिनगर, झापाको काँकडभिट्टा, धनुषाको जटही, पर्साको वीरगञ्ज, रुपन्देहीको बेलहिया, कपिलवस्तुको कृष्णनगर, बाँकेको जमुनाह र कञ्चनपुर जिल्लाको गड्डाचौकीमा गरी आठ ठाउँमा पर्यटक सहायता कक्ष स्थापनाको प्रक्रिया सशस्त्र प्रहरी बलले अघि बढाइएको जनाइएको छ ।

धनुषाको जटहीदेखि कञ्चनपुरकोगड्डाचौकीसम्मसशस्त्र प्रहरीले सहायता कक्ष स्थापना गरेको जनाएको छ ।

तर सीमानानका क्षेत्रमा सुरक्षानिकायमाथि बढी गुनासो सुनिए पछि सशस्त्र प्रहरी बल नेपालको प्रवक्ता तथा सूचना अधिकारी सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेको मोवाइल नम्बर सार्वजनिक गरिएको छ । कुनै पनि नागरिकलाई आवतजावतमा सुरक्षाकर्मीबाट भइ आएका समस्या वा कुनै किसिमको गुनासो भएमा




तत्काल सम्पर्क गरिएमा तत्कालै कारबाही गरिने जनाइएको छ ।

आमनागरिक सीमानाकाबाट आवतजावत गर्दा सुरक्षाकर्मीले दुःख दिने तथा अनावश्यक हैरानी दिने कार्य भएमा सशस्त्र प्रहरी बल नेपालको प्रवक्ता तथा सूचना अधिकारी सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेको मोवाइल नम्बर सार्वजनिक गरिएको छ ।

चाडपर्वमा भारतलगायतका विभिन्न देशबाट फर्किने नेपाली नागरिकलाई सहजीकरण गर्न सशस्त्र प्रहरी बलले भारतसँगको सीमानाकामा सहायता कक्ष स्थापना गरी सहयोग गर्न थालेको छ ।

शुक्रबारसम्म ६६ वटा सहायताकक्ष स्थापना भइसकेको र ५० वटा स्थापना हुने क्रममा रहेको सशस्त्र प्रहरीका प्रवक्ता डिआइजी कुमार न्यौपानेले जनाए ।

दशैं, तिहार तथा छठपर्वलगायतका चाडवाडका समयमा सीमानाकाबाट आफ्नो गन्तव्यतर्फ जाने आमनागरिकलाई सहज, सुरक्षित र सम्मानजनक ढंगबाट यात्रा पूरा गर्ने व्यवस्था मिलाउन तथा आपतविपतमा परेका नागरिकको उद्धार कार्यमा सहयोग पुर्‍याउने अभिप्रायले दुवै देशका सुरक्षाकर्मीसँगको समन्वय र सहकार्यमा कक्ष राखिएको उनले बताए ।

चाडपर्वको वेला सीमानाकाबाट आवतजावत गर्ने नागरिकको सुरक्षा, सीमा क्षेत्रमा हुने अवैध गतिविधि, चोरी, डकैती, लुटपाटजस्ता घटना हुन नदिन र अप्ठ्यारोमा परेका नागरिकको सहयोगसमेत गर्ने हेल्पडेस्कको मुख्य उद्देश्य रहेको उनले बताए ।

आमनागरिक सीमानाकाबाट आवतजावत गर्दा सुरक्षाकर्मीले दुःख दिने तथा अनावश्यक हैरानी दिने कार्य भएमा सशस्त्र प्रहरी बल नेपालको प्रवक्ता तथा सूचना अधिकारी सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेको मोवाइल नम्बर सार्वजनिक गरिएको छ ।

# ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा

**टुडे समाचारदाता**

बारा । बाराको कलैया उपमहानगरपालिका वडा नम्बर १ मा समाज कल्याण सहयोगी संस्थाले ज्येष्ठ नागरिकलाई सम्मान तथा निःशुल्क स्वास्थ्य बीमा गरेको छ ।




समाजमा अहिले पनि वृद्ध वृद्धालाईहरुलाई तिनका सन्तान र समाजबाट समेत अवहेलनाको शिकार हुनु परेको अवस्थामा उनीहरुको अवस्थालाई मध्यनजर गर्दै संस्थाले सम्मन गरी स्वास्थ्य बीमा गरेको आयोजक संस्थाको उपाध्यक्ष अनिलकुमार गौरवले जानकारी दिए ।

कलैया उपमहानगरपालिका वडा नम्बर १ को प्रायोजनमा शुरु गरिएको सो कार्यक्रमको प्रदेश सांसद रविन दास श्रेष्ठले उद्घाटन गरेका थिए ।

७० वर्ष पुगेका २ सय ५० जना ज्येष्ठ नागरिकाको निःशुल्क स्वास्थ्य बीमा गरिएको थियो । कलैया उपमहानगरपालिका वडा नम्बर १ को वडा अध्यक्ष मोहनबहादुर क्षेत्रीले बताए । आफ्नो वडालाई नमुना वडा बनाउने अभियान अन्तर्गत सो कार्यक्रमको आयोजना गरिएको थियो । सो भन्दा अगाडि वडालाई बालविवाहमुक्त वडा, पूर्ण साक्षर वडा घोषना गरिसकेको वडा अध्यक्ष क्षेत्रीले बताए ।

सो कार्यक्रममा प्रदेश सांसद श्रेष्ठले समाजमा अरु सरह जेष्ठ नागरिकलाईपनिबाच्नपाउने अधिकारको ग्यारेन्टी हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

सो कार्यक्रममा कलैया उपमहानगरपालिकाका नगरप्रमुख बिनोद साहले कलैया उपमहानगरपालिकामासेवालिनआउने ज्येष्ठ नागरिकलाई सहज, सरल रुपमा छिटो छरितो सेवाप्रवाह गर्नमा कुनै कसर बाकी नराख्न कर्मचारीहरुलाई निर्देशन दिएको बताए ।

संस्थाका अध्यक्ष रामअशिष साहको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साह, आयोजक संस्थाका उपाअध्यक्ष अनिलकुमार गौरव, सहसचिव बसन्त घिमिरे, बीमा सहजकर्ता आरती चौधरीलगायतले आफ्नो विचार व्यक्त गर्दै ज्येष्ठ नागरिकको सम्मान गर्नुपर्ने बताए ।

# टर्की र बट्टाईका चल्लाको माग धान्नै गाह्रो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा टर्की र बट्टाईको चल्ला राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम परवानीपुरले माग धान्न सकिरहेको छैन । किसानबाट अत्यधिक माग आए पनि सो अनुपातमा चल्ला उत्पादन हुन नसकेपछि माग धान्न गाह्रो भएको कार्यक्रम प्रमुख पूर्णभद्र चापागाईंले जानकारी दिए ।

हाल कार्यालयमा अण्डा उत्पादन प्रयोजनका लागि एक सय टर्की र तीन सयको संख्यामा बट्टाई पालिएको प्रमुख चापागाईंले बताए । उनले देशभरिका किसानबाट हालसम्म एक हजार टर्कीको चल्ला बुक भइसकेको र त्यतिनै संख्यामा बट्टाइको चल्ला पनि बुक भइसकेको बताए । उनले गत वर्ष नै प्रतिक्षा सूचीमा रहेका किसानको माग पुरा गर्न नसकिएकाले उनीहरुलाई यस वर्ष प्राथमिकतामा राखिने बताए ।

उनले जाडोयाममा पन्छीले अण्डा दिने भएकाले त्यसै अनुरुप तालमेल मिलाएर चल्ला समेत उत्पादन गरिने भएकाले व्यावसायिक रुपमा सो पन्छी पालन गर्ने किसान प्रतिक्षा सूचीमा राख्नु पर्ने बाध्यता रहेको बताए । उनले चल्ला उत्पादन हुन थालेपछि प्रतिक्षासूचीमा पहिले नाम भएकाहरुलाई प्राथमिकता दिई चल्ला विक्री बितरण गरिने बताए ।

दशैंलगत्तै सबै पन्छीको चल्ला उत्पादन सुरु गरिने कार्यक्रममा सूचना अधिकृत एवम् वैज्ञानिक डा. अजित कुमार झाले बताए । हालका दिनहरुमा पनि दैनिक चारदेखि पाँच किसानले टर्की र बट्टाईका चल्ला बुकिंग गरिरहेको उनले बताए । वार्षिक २० हजार चल्ला उत्पादन गर्ने लक्ष्य रहे पनि चल्ला विक्री वितरणभन्दा किसानलाई पन्छी पालन गर्न प्रोत्साहित गर्न नीति रहेको बताए ।

उनले त्यसै अनुरुप किसानलाई प्रोत्साहित गर्ने गरिएको बताए । हाल बारा, पर्सालगायतका जिल्लामा गरी ४ किसानले आफ्नै ह्याचरी संचालन गरेर चल्ला उत्पादन गरी बिक्री बितरण गर्न थालेको झाले बताए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८